# प्रभाव दैनिक

National Daily

वर्ष १२ | अंक २६० | काठमाडौं | सोमबार, ०५ माघ २०८२ | Prabhab National Daily | Monday, 19 January 2026 | www.prabhabonline.com | पृष्ठ ८ | मूल्य रू. ५।–

**सार्वजनिक सेवा लिंदा ध्यान दिऔं ।**

- आफूले लिने सेवाका सम्बन्धमा जानकारी राखौं,
- आवश्यक कागजातरप्रक्रिया पूरा गरौं,
- नागरिक बडापत्रका बारेमा जानकारी राखौं,
- आधिकारिक सेवा प्रदायकबाट मात्र सेवा लिऔं,
- सेवा प्राप्त गर्दा विचौलियाको प्रयोग नगरौं।
- सकेसम्म अनलाईनबाटै सेवा लिने र दिने गरौं,
- जेष्ठ नागरिक, अपाङ्गता भएका तथा अशक्त व्यक्तिलाई प्राथमिकता दिऔं।
- सेवा प्रवाहमा समस्या देखिए सम्बन्धित निकायमा सम्पर्क गरौं,
- अनियमितता र भ्रष्ट्राचारबिरूद्ध उजुरी गरौं,

**सार्वजनिक सेवालाई सरल, सहज र पारदशी बनाऔं ।**

नेपाल सरकार
**विज्ञापन बोर्ड**

# राजीनामा दिएर चुनावमा होमिए बालेन-हर्क

- काठमाडौंका प्रमुख बालेन्द्र साह र धरान उपमहानगरका प्रमुख हर्क साम्पाङको राजीनामा
- भरतपुर महानगरपालिकाकी प्रमुख रेणु दाहालले आज राजीनामा दिने
- बालेन झापा-५, हर्क सुनसरी-१ र रेणु चितवन-३ मा उम्मेदवार बन्ने
- पाँच वर्ष कार्यकाल पूरा नगरी प्रतिनिधिसभा निर्वाचनमा उम्मेदवार बन्ने भएपछि आलोचना





**■ प्रभाव संवाददाता**

**काठमाडौं–** आगामी प्रतिनिधिसभा निर्वाचनमा उम्मेदवार बन्न काठमाडौं महानगरपालिकाका प्रमुख बालेन्द्र साह (बालेन) र धरान उपमहानगरपालिकाका प्रमुख हर्क साम्पाङले राजीनामा दिएका छन् । बालेनले उपप्रमुख सुनिता डंगोल र साम्पाङले उपप्रमुख अइन्द्रविक्रम बेघालाई राजीनामापत्र आइतबार बुझाएका हुन् । दुवैको राजीनामा स्वीकृत भएको छ ।

२०७९ को स्थानीय तह निर्वाचनमा दुवै स्वतन्त्रबाट उम्मेदवारी दिएर निर्वाचित भएका थिए । उनीहरू पाँच वर्षे कार्यकालका लागि निर्वाचित भएको भए पनि प्रतिनिधिसभा निर्वाचनमा उम्मेदवार बन्ने भन्दै राजीनामा दिँदै जिम्मेवारीबाट अलग भएका हुन् ।

बालेन राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा)का वरिष्ठ नेता हुन् भने साम्पाङ श्रम संस्कृति पार्टीका अध्यक्ष । बालेनले झापा-५ मा उम्मेदवारी दिने तयारी गरेका छन् । त्यो क्षेत्र एमाले अध्यक्ष केपी शर्मा ओलीको हो । उनै ओलीसँग निर्वाचन लड्न भन्दै बालेनले झापा-५ मा उम्मेदवारी दिने रास्वपा झापा सभपाति प्रकाश पाठकले बताए ।

'उहाँ आज जनकपुरको कार्यक्रमलाई सम्बोधन गरेर भोलि झापा आएर उम्मेदवारी दर्ता गर्नुहुन्छ, हामी उहाँको स्वागतका लागि तयारी अवस्थामा छौं,' उनले प्रभावसँग भने ।

बालेन रास्वपाले घोषणा गरेको भावी प्रधानमन्त्रीका उम्मेदवार हुन् । उनको चुनावी भिडन्त एमालेका भावी प्रधानमन्त्रीका उम्मेदवार तथा अध्यक्ष केपी शर्मा ओलीसँग हुन लागेको हो । ओली २०७२, २०७४ र २०७८ मा गरी तीनपटक प्रधानमन्त्री भइसकेका नेता हुन् ।

क्रमशः पृष्ठ २ मा

## बालेनको राजीनामाले महानगरमा हर्ष



**काठमाडौं (प्रस)–** काठमाडौं महानगरका मेयर बालेन्द्र (बालेन) साहले आइतबार राजीनामा दिएपछि महानगरपालिकामा हर्षबढाइँ सुरु भएको छ । आइतबार मध्यदिनसम्म बालेनको राजीनामा नआउँदा कर्मचारीहरूमा त्रासजस्तै भएको थियो । यद्यपि, दिउँसो बालेनका अवैतनिक सल्लाहकार सुदिप ढकालले बालेनको राजीनामा लिएर आएपछि कर्मचारीहरूमा उत्साह छाएको हो ।


बालेन राष्ट्रिय स्वतन्त्र पार्टी पुगेर कानुनी सल्लाह लिएपछि मात्र दिउँसो ढकालले उपमेयर सुनिता डंगोललाई भेटेर राजीनामापत्र बुझाएका थिए ।

क्रमशः पृष्ठ २ मा

# कांग्रेसबाहेकका शीर्ष नेताको चुनावी क्षेत्र टुंगो


## को कहाँबाट उम्मेदवार ?


- एमाले अध्यक्ष केपी शर्मा ओली- झापा-५
- नेकपा संयोजक पुष्पकमल दाहाल- रूकुमपूर्व
- रास्वपा सभापति रवि लामिछाने- चितवन-२
- राप्रपा अध्यक्ष राजेन्द्र लिङ्देन- झापा-३
- प्रलोपा नेता डा. बाबुराम भट्टराई- गोरखा-२
- कांग्रेस र जसपा नेपालको टुंगो लाग्न बाँकी

















**■ जेबी योञ्जन**

**काठमाडौं–** नेपाली कांग्रेसबाहेक सबै दलले प्रतिनिधिसभा निर्वाचनको प्रत्यक्षतर्फको उम्मेदवारी टुंग्याइरहेका छन् । नेकपा एमाले, नेपाली कम्युनिस्ट पार्टी (नेकपा), राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा), राष्ट्रिय प्रजातन्त्र पार्टी (राप्रपा), जनता समाजवादी पार्टी (जसपा) नेपाल, जनमत पार्टी, श्रम संस्कृति पार्टीलगायत दलले उम्मेदवार टुंग्याइसक्न लागेका हुन् ।

जेन-जी विद्रोहपछि हुन लागेको प्रतिनिधिसभाको मध्यावधि निर्वाचनलाई दलहरूले प्रतिष्ठाको विषय बनाएका छन् । जेन-जीलाई समेत उम्मेदवार बनाउँदै दलहरूले निर्वाचनको माहोल तताइरहेका छन् । तर, दलहरूका शीर्षस्थ नेताहरू कहाँबाट चुनाव लड्छन् ? आम चासो छ ।

नेकपा एमालेका अध्यक्ष केपी शर्मा ओली झापा-५ बाट निर्वाचन लड्दै छन् । उनी आठौंपटक निर्वाचन लड्न लागेका हुन् । छ पटक जित र एकपटक हारेका ओली तीनपटक प्रधानमन्त्री भइसकेका छन् । यो क्षेत्रमा माओवादीले २०६४ मा बाहेक सबै चुनाव एमालेबाट ओलीले जित्दै आएका छन् । त्यसो हुनाले यो क्षेत्र एमालेको लालगढ हो ।

पूर्वप्रधानमन्त्री तथा नेपाली कम्युनिस्ट पार्टी (नेकपा)का संयोजक पुष्पकमल दाहाल रुकुमपूर्व पुगेका छन् । 'घुमन्ते उम्मेदवार'को पहिचान बनाएका दाहालले निर्वाचन लड्न लागेको रुकुमपूर्व माओवादीको बलियो प्रभाव भएको क्षेत्र हो । विगतमा यो क्षेत्रबाट जनार्दन शर्माले निर्वाचन जित्दै आएका थिए । शर्माले पार्टी छाडेपछि दाहाल उम्मेदवार बन्ने भएका हुन् । १० वर्षे माओवादी युद्धका सर्वोच्च कमाण्डरसमेत रहेका दाहाल तीनपटक प्रधानमन्त्री भइसके । यसबीचमा उनले रोल्पा, काठमाडौं, चितवन, सिरहा र गोरखाबाट निर्वाचन लडे । उनी यसपटक माओवादी जनयुद्धको 'इपिसेन्टर' रुकुमपूर्व पुगेका हुन् ।

पूर्वप्रधानमन्त्री तथा प्रगतिशील लोकतान्त्रिक पार्टी (प्रलोपा)का नेता डा. बाबुराम भट्टराई गोरखा-२ बाट उम्मेदवार भएका छन् । यो उनको पुरानो निर्वाचन क्षेत्र हो । २०७९ मा उनले आफ्नो क्षेत्र नेकपा अध्यक्ष दाहालका लागि छाडेका थिए । त्यसबेला दाहाल नेतृत्वको तत्कालीन नेकपा माओवादी केन्द्र र भट्टराई नेतृत्वको नेपाल समाजवादी पार्टीबीच एकता गर्ने समझदारी थियो । तर, पछि एकता भएन । यस्तोमा भट्टराईले आफ्नो पुरानो जितको विरासत फर्काउनेगरी निर्वाचनमा होमिने निर्णय गरेका हुन् । यसअघि उनले निर्वाचन नलड्ने घोषणा गरेका थिए । तर, आइतबार भने उनले उम्मेदवार बन्ने निर्णय गरेका हुन् ।

अर्का पूर्वप्रधानमन्त्री तथा नेकपाका सहसंयोजक माधवकुमार नेपाल रौतहट-१ बाट उम्मेदवार बनेका छन् । नेपाल अघिल्लोपटक पनि यही क्षेत्रबाट निर्वाचित भएका थिए । उनको यो प्रभाव क्षेत्र हो । नेकपाकै वरिष्ठ नेता तथा पूर्वप्रधानमन्त्री झलनाथ खनालले भने निर्वाचन नलड्ने घोषणा गरेका छन् ।

क्रमशः पृष्ठ २ मा

**सन्दर्भः वैदेशिक रोजगार**

# अवैधानिकरूपमा थाइल्याण्ड प्रवेश गर्ने आप्रवासी कामदारमाथि कडाइ

**■ प्रभाव संवाददाता**



**काठमाडौं–** थाइल्याण्डले अवैधानिकरूपमा मुलुक प्रवेश गर्ने आप्रवासीहरूलाई कडाइ गर्न थालेको छ । गैरकानुनी बाटोबाट थाइल्याण्ड प्रवेश गर्ने क्रम बढेपछि सुरक्षा निकायलाई सीमावर्ती क्षेत्रमा कडाइ गर्न थाई सरकारले निर्देशन दिएको छ । हालसालै सरकारकी उपप्रवक्ता एयारिन फानरिटले उक्त जानकारी दिएको थाई समाचार संस्था द नेसनले जनाएको छ ।

सरकारले अवैधानिक प्रवेश रोक्न अधिकारीहरूलाई ती क्षेत्रका कम्पनीहरू र कार्यस्थलमासमेत कडाइका साथ स्थलगत निरीक्षण गर्न निर्देशन दिएको जनाइएको छ । यदि अवैध कामदार भेटिए कारबाहीमा पर्ने चेतावनी दिइएको छ ।

वर्क पर्मिटविना या अनुमति पाएभन्दा बाहिरको फरक क्षेत्रमा काम गर्ने विदेशी नागरिकलाई पाँच हजारदेखि ५० हजार थाइ भाट जरिवाना गर्ने भनिएको छ । यस्ता कामदारलाई उनीहरूको मुलुक फर्काइने र जरिवानाको मितिबाट दुई वर्षका लागि वर्क पर्मिटका लागि आवेदन दिन पनि प्रतिबन्ध लगाइने छ ।

**वर्क परमिटविना विदेशी नागरिकलाई काम लगाउने या करारमा उल्लेख भएभन्दा बढी काम लगाए त्यस्ता रोजगारदातालाई प्रतिकामदार १० हजारदेखि एक लाख थाई भाट जरिवाना गरिने**

वर्क परमिटविना विदेशी नागरिकलाई काम लगाउने या करारमा उल्लेख भएभन्दा बढी काम लगाए त्यस्ता रोजगारदातालाई प्रतिकामदार १० हजारदेखि एक लाख थाई भाट जरिवाना गरिने छ । सरकारको निर्देशन दोहोऱ्याएर उल्लंघन गर्ने रोजगारदाताले एक वर्षसम्म जेल सजाय या प्रतिकामदार ५० हजारदेखि दुई लाख थाई भाट तिर्नुपर्ने जनाइएको छ । साथै उनीहरूले तीन वर्षसम्म विदेशी कामदारलाई रोजगारीमा लगाउन पाउने छैनन् ।

सरकारले थाई कामदारको अधिकार जोगाउन र रोजगार प्रणालीलाई स्तरीय बनाउन उक्त कानुन कडाइपूर्वक कार्यान्वयन गराउने जनाएको छ । यदि विदेशी नागरिकले अवैधानिकरूपमा काम गरेको पाए केन्द्रीय रोजगार दर्ता कार्यालय, प्रान्तीय रोजगार कार्यालय, श्रम मन्त्रालयलगायतका निकायमा उजुरी दिनसमेत नागरिकलाई अपिल गरेको छ ।

थाइल्याण्डमा अनलाइन स्क्यामिङजस्ता गैरकानुनी काममा नेपालीहरूलाई समेत लगाइँदै आएको छ । अनलाइन डेटिङ, अनलाइन क्यासिनो, गेमिङ तथा फिसिङ, क्रिस्टो ठगीजस्ता काममा लगाइएको फेला पारेपछि त्यहाँ रहेको नेपाली दूतावासले स्वदेश फिर्ता पठाइदिँदै आएको छ । गत मंसिर १३ गते पनि यस्ता ४७ जना नेपालीहरूलाई स्वदेश फर्काएको थियो ।

गैरकानुनीरूपमा थाइल्याण्ड पुऱ्याएकाहरूका अनुसार साथीभाइ तथा अनलाइन साथी, पब्जीलगायत अनलाइन गेम खेल्ने साथी, सामाजिक सञ्जालको विज्ञापन आदिको माध्यमबाट उनीहरू त्यहाँ पुगेको पाइएको छ ।

क्रमशः पृष्ठ २ मा

**प्रतिनिधिसभा निर्वाचन**

# कांग्रेस विवादले मनोनयनको मिति नै सार्ने तयारी

- कांग्रेसबाट राष्ट्रिय सभा सदस्य रहेका कृष्णप्रसाद पौडेल र पूर्वमहान्यायधिवक्ता खम्मबहादुर खाती र अधिवक्ता केशवराज जोशी आयोग पुगेर निर्वाचन कार्यक्रम स्थगनको निवेदन दर्ता
- आयोगका पदाधिकारीद्वारा प्रधानमन्त्री सुशीला कार्कीसँग छलफल
- प्रधानमन्त्री कार्कीको अनुमति पाएसँगै निर्वाचनको अरू कार्यतालिका प्रभावित नहुनेगरी मनोनयनको समय एक हप्ता थप्ने तयारी

**■ प्रभाव संवाददाता**

**काठमाडौं–** आगामी फागुन २१ मा हुने प्रतिनिधिसभा सदस्य निर्वाचनका लागि उम्मेदवार मनोनयन भोलि हुँदै छ । तर शीर्ष भनिएका दलहरू आन्तरिक विवाद र विभिन्न कारण देखाउँदै मनोनयनको समयावधि थप्न निर्वाचन आयोगसँग अपिल गर्न थालेका छन् ।

आफ्नो दलको विवादको कारण देखाउँदै नेपाली कांग्रेसमा शेरबहादुर देउवापक्षले प्रत्यक्षतर्फको मनोनयन मिति स्थगन गर्न माग गर्दै आयोगमा निवेदन दिएको छ । शनिबार बसेको आफू पक्षीय केन्द्रीय कार्यसमिमितिको निर्णयबमोजिम शुक्रबार निर्वाचन आयोगको निर्णयविरुद्ध सर्वोच्च अदालतमा रिट निवेदन दर्ता गरेलगत्तै निर्वाचन कार्यक्रम स्थगनको माग गर्दै निवेदन दर्ता गराएको देउवाको सचिवालयले जनायो ।

कांग्रेसबाट राष्ट्रिय सभा सदस्य रहेका कृष्णप्रसाद पौडेल र पूर्वमहान्यायधिवक्ता खम्मबहादुर खाती र अधिवक्ता केशवराज जोशीले आयोग पुगेर निर्वाचन कार्यक्रम स्थगनको निवेदन दर्ता गराएका हुन् ।

क्रमशः पृष्ठ २ मा

## अधिकांश दलको उम्मेदवार तय, कांग्रेस अलमलमा

फागुन २१ गते हुन लागेको प्रतिनिधिसभा निर्वाचनका लागि अधिकांश दलले उम्मेदवार तय गरेको छ । नेकपा एमाले, नेकपा, राष्ट्रिय स्वतन्त्र पार्टीले धमाधम उम्मेदवार तय गर्दा कांग्रेसले भने आफ्नो उम्मेदवार तय गर्न सकेको छैन ।

भृकुटीमण्डपमा भएको विशेष महाधिवेशनबाट गगन थापा सभापतिमा निर्वाचित भएसँगै निर्वाचन आयोगले यही कार्यसमितिलाई मान्यता दिएको छ । यो निर्णयको विरुद्धमा देउवा कांग्रेस सर्वोच्च गएसँगै सभापति थापाले पनि उम्मेदवार चयन गर्न सकेका छन् । उम्मेदवार चयनका लागि कांग्रेसले हालै गठन गरेको संसदीय बोर्डको बैठक शनिबार बसेको थियो ।

क्रमशः पृष्ठ २ मा

पृष्ठ १ बाट क्रमशः

## कांग्रेसबाहेकका...

उनी इलाम-१ बाट यसअघि निर्वाचन लड्दै आएका थिए । गत २०७९ को निर्वाचनमा नेकपा एकीकृत समाजवादीबाट निर्वाचन लड्दा आफ्नै पूर्वकार्यकर्ता महेश बस्नेतसँग पराजित भए । यसपटक एमालेले त्यहाँ कोशी प्रदेशका पूर्वसांसद काजीमान कागतेलाई उम्मेदवार बनाएको छ । खनालले भने यसपटक निर्वाचन नलड्ने भएका हुन् ।

नेकपाकै वरिष्ठ नेता वामदेव गौतम बर्दिया-१ बाट उम्मेदवार बनेका छन् । उनी पूर्वउपप्रधान तथा गृहमन्त्री हुन् । यो उनको परम्परागत निर्वाचन थलो हो । तर, केहीपटक उनी पुर्ख्यौली थलो प्युठानबाट पनि चुनाव लडे । प्रतिनिधिसभा निर्वाचनकै लागि उनले राष्ट्रियसभा सदस्यबाट राजीनामा दिएका छन् । आगामी फागुनको २० गतेसम्म पदावधि छँदै प्रतिनिधिसभा निर्वाचनमा उम्मेदवार बन्न उनले आइतबार राजीनामा दिएका हुन् । नेकपाकै नेता तथा पूर्वउपप्रधान तथा गृहमन्त्री नारायणकाजी श्रेष्ठ सर्लाही-३ बाट उम्मेदवार बन्ने भएका छन् । उनी विगतमा गोरखाबाट निर्वाचन लड्थे । आफ्नो चुनाव क्षेत्र छाडेर उनी सर्लाही झर्ने भएपछि पार्टीभित्र असन्तुष्टि पनि बढेको छ ।

नेकपा नेता डा. भीम रावल अछाम-१ बाट निर्वाचन लड्ने भएका छन् । पूर्वउपप्रधान तथा गृहमन्त्री रावलले गत २०७९ को निर्वाचनमा प्रतिस्पर्धा गर्न पाएनन् । उनलाई एमाले अध्यक्ष केपी शर्मा ओलीले टिकट नै दिएनन् । हालै नेकपा प्रवेश गरेका उनलाई संयोजक दाहालले उम्मेदवार बनाएको हो । रावल यस क्षेत्रबाट पटक-पटक निर्वाचित नेता हुन् । एमालेले पूर्वउपप्रधान तथा अर्थमन्त्री विष्णु पौडेललाई रूपन्देही-२ मा उम्मेदवार बनाएको छ । यसअघि पाल्पा-२ मा उनको नाम थियो । त्यहाँबाट गत निर्वाचनमा एमालेकै नेता ठाकुर गैरे निर्वाचित भएका थिए । उनकै ठाउँमा पौडेलको नाम हुँदा असन्तुष्टि बढेको थियो । यसपछि ओलीले पौडेललाई रूपन्देही-२ मै फर्काएको हो । पौडेलले पटक-पटक यहाँबाट निर्वाचन जितेका छन् ।

एमाले महासचिव शंकर पोखरेल दाङ-२ बाट उम्मेदवार बन्ने भएका छन् । कहिल्यै प्रत्यक्ष निर्वाचन नजितेका पोखरेलको नाम यसअघि सार्वजनिक उम्मेदवारहरूको सूचीमा थिएन । तर, उनलाई ओलीले दाङ-२ मै निर्वाचन लडाउने भएका हुन् । विगतमा पोखरेलको संसद् यात्रा समानुपातिक निर्वाचन प्रणालीबाटै भयो । उनी अघिल्लोपटक तत्कालीन माओवादी नेत्री रेखा शर्मासँग पराजित भएका थिए ।

एमालेले उपाध्यक्ष गोकर्ण विष्टलाई गुल्मी-२ बाट र अर्का उपाध्यक्ष पृथ्वीसुब्बा गुरुङलाई लम्जुङबाट उम्मेदवार बनाउने निर्णय गरेको छ । उपमहासचिवहरू लेखराज भट्टलाई कैलाली-४ र रघुवीर महासेठलाई धनुषा-१ उम्मेदवार बनाएको छ ।

राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) सभापति रवि लामिछानेलाई चितवन-२ बाटै उम्मेदवार बन्ने भएका छन् । उनी २०७९ को प्रतिनिधिसभा निर्वाचन र त्यसपछि भएको उपनिर्वाचनमा त्यस क्षेत्रबाट भारी मतका साथ विजयी भएका थिए । पूर्वउपप्रधान तथा गृहमन्त्री लामिछानेविरुद्ध सहकारी ठगी मुद्द काठमाडौं, कास्की, चितवन, रूपन्देही र पर्सा अदालतमा विचाराधीन छ । गत बुधबार सम्पत्ति शुद्धीकरण र संगठित अपराधसम्बन्धी दुई गम्भीर मुद्दा संशोधन गर्ने महान्यायाधिवक्ता कार्यालयले निर्णय गरेपछि उनलाई उम्मेदवार बन्ने बाटो खुलेको हो ।

रास्वपाले वरिष्ठ नेता बालेन्द्र (बालेन) साहलाई झापा-५ मै उम्मेदवार बनाउने निश्चित भएको छ । उनले मंगलबार त्यहाँ पुगेर उम्मेदवारी दर्ता गर्ने भएका हुन् । त्यसकै लागि उनले आइतबार काठमाडौं महानगरपालिकाको प्रमुखबाट राजीनामा दिए । रास्वपाका उपसभापति डा. स्वर्णिम वाग्ले तनहुँ-१ बाट निर्वाचन लड्ने भएका छन् । उनी २०८० मा भएको उपनिर्वाचनमा त्यहाँबाट निर्वाचित भएका थिए । उनी अर्थशास्त्री हुन् ।

राष्ट्रिय प्रजातन्त्र पार्टी (राप्रपा)का अध्यक्ष राजेन्द्र लिङ्देन झापा-३ बाटै निर्वाचन लड्ने भएका छन् । २०७४ र २०७९ मा उनले एमालेको समर्थनमा यही क्षेत्रबाट निर्वाचन जित्दै आएका छन् । पूर्वउपप्रधान तथा ऊर्जामन्त्री रहेका लिङ्देनले पूर्ववत् क्षेत्र नछाड्ने भएका हुन् । जसपा नेपालका अध्यक्ष उपेन्द्र यादव कहाँबाट निर्वाचन लड्ने भन्ने टुंगो लागेको छैन । २०७९ मा भएको निर्वाचनमा उनी जनमत पार्टीका अध्यक्ष डा. सिके राउतसँग पराजित भए । पछि बारा-२ मा भएको उपनिर्वाचनमा निर्वाचित भए । यसपटक कहाँबाट निर्वाचन लड्ने भन्ने आज टुंगो लाग्ने प्रवक्ता मनिष सुमनले बताए ।

जनमतका अध्यक्ष डा. राउत सप्तरी-२ बाटै निर्वाचन लड्ने भएका छन् । यस्तै, चुनावी तालमेल गरेका राष्ट्रिय मुक्ति पार्टीका नेता राजेन्द्र महतो, जसपा नेता अशोककुमार राई, नाउपा नेता रेशमलाल चौधरीसँग चुनाव क्षेत्र संख्या बाँडफाँट भए पनि कहाँदेखि चुनाव लड्ने निश्चित भइसकेको छैन ।

श्रम संस्कृति पार्टीका अध्यक्ष हर्क साम्पाङ सुनसरी-१ बाट उम्मेदवार बन्दै छन् । यो क्षेत्रबाट २०४८ मा पहिलो कम्युनिस्ट प्रधानमन्त्री मनमोहन अधिकारीले निर्वाचन जितेका थिए । उनी त्यसबेला एमालेबाट निर्वाचन लडेका थिए । त्यसपछि २०६४ मा माओवादीका किरणकुमार राईले एकपटक जितेबाहेक सबै निर्वाचन एमालेका उम्मेदवार वा एमाले समर्थित उम्मेदवारले निर्वाचन जिते । त्यसले गर्दा एमालेको प्रभाव क्षेत्रमा हर्कले उम्मेदवारी घोषणा गरेका हुन् ।

विघटित प्रतिनिधिसभाको मुख्य दल नेपाली कांग्रेसले भने उम्मेदवार टुंगो लगाएको छैन । हालै विशेष महाधिवेशन गरेका गगन थापा नेतृत्वको नेपाली कांग्रेसलाई निर्वाचन आयोगले आधिकारिकता दिएपछि कांग्रेसको देउवा समूह आइतबार सर्वोच्च अदालत पुगेको छ । यसले कानुनी झमेलामा फसेको कांग्रेसले आज उम्मेदवार टुंगो लगाउने तयारी गरेको प्रवक्ता देवराज चालिसेले बताए । 'हामी आज उम्मेदवारहरू टुंगो लगाउँछौं र निर्वाचनमा होमिन्छौं,' उनले प्रभावसँग भने । प्रतिनिधिसभा निर्वाचन क्षेत्र देशभर १६५ वटा रहेको छ । केही दललेमात्रै सबै निर्वाचन क्षेत्रमा प्रतिस्पर्धा गर्न लागेको छ । निर्वाचन आगामी २१ फागनुमा हुँदै छ

■■■

## राजीनामा....

उनको परम्परागत चुनाव क्षेत्र झापा-५ एमालेको बलियो प्रभाव क्षेत्र हो । यता श्रम संस्कृति पार्टीका अध्यक्ष साम्पाङले सुनसरी-१ बाट प्रतिनिधिसभा निर्वाचनमा उम्मेदवारी दिँदै छन् । उनको क्षेत्र पनि एमालेको बलियो संगठन भएको क्षेत्र हो । यहाँबाट गत निर्वाचनमा एमाले समर्थित जसपाका नेता अशोककुमार राई निर्वाचित भएका थिए । यसपटक एमालेको गढ सुनसरी-१ मा साम्पाङले धावा बोलेका हुन् ।

पहिलोपटक संसदीय निर्वाचनमा होमिएका साम्पाङ प्रभावशाली उम्मेदवार हुन् । उनी श्रम अभियन्तासमेत हुन् । उनको दलको सिद्धान्त भनेकै हर्कवाद हो, त्यो भनेको संस्कृति, प्रकृति र प्रविधिको संयोजित रूप हो । यही विचाराधारालाई टेकेर देश निर्माणको एजेण्डासहित निर्वाचनमा जान साम्पाङले खोजेका छन् । उनले पनि आफूलाई भावी प्रधानमन्त्रीको उम्मेदवार घोषणा गरिसकेका छन् । तर, प्रधानन्त्री हुन कि प्रत्यक्ष र समानुपातिकतर्फ कम्तीमा १३८ सिट वा पहिलो दल बन्नुपर्छ । नभए प्रधानमन्त्री बन्ने बाटो त्यति सहज देखिँदैन ।

यता भरतपुर महानगरपालिकाकी प्रमुख रेणु दाहालले भने राजीनामा दिइसकेकी छैनन् । उनले चितवन-३ बाट निर्वाचन लड्ने भएकी छिन् । त्यसका लागि आज उनले महानगरपालिकाको प्रमुख पदबाट राजीनामा दिने भएकी हुन् । उनले प्रभावसँग भनिन्, 'सोमबार म पत्रकार सम्मेलन गरेर राजीनामा दिँदै छु र मेरै क्षेत्र चितवन-३ बाट निर्वाचन लड्छु ।'

रेणु नेपाल कम्युनिस्ट पार्टी (नेकपा)का संयोजक पुष्पकमल दाहालकी छोरी हुन् । उनले दुईपटक प्रमुख भएर भरतपुर महानगरपालिका हाँकिन् । उनलाई सफल महानगरप्रमुखको रूपमा चिनिन्छ ।

■■■

## बालेनको...

दिउँसो करिब ३ बजेतिर राजीनामापत्र बुझाएसँगै उपमेयर डंगोलले प्रमुख प्रशासकीय अधिकृतलाई राजीनामा दर्ता गर्ने गरी तोक लगाएको पत्र उनको सचिवालयमार्फत विभिन्न सञ्चारमाध्यममा पुगेको थियो । 'कतै बालेनले राजीनामा नदिने पो हुन् कि ?' भन्ने आशंका पैदा भइरहेका बेला राजीनामापत्र सञ्चारमाध्यममा प्रकाशित भएपछि कर्मचारीहरू हर्षित देखिन्थे । महानगरमा पाँच वर्षका लागि जनताले अनुमोदन गरेर पठाएका बालेन बाहिरिएसँगै महानगरको बागडोर उपमेयर डंगोलको काँधमा आएको छ ।

राजीनामापत्र बुझेको करिब एक घण्टामा नै उपमेयर डंगोलले कार्यपालिका बैठक राखेकी थिइन् । उनले यसरी आकस्मिकरूपमा बैठक डाकेपछि नगरकार्यपालिकाका सदस्यहरू हस्याङफस्याङ गर्दै पुगेका थिए । एक मिनेटमा नै बैठक सकेर आफू कार्यवाहक भएकोमा फूलमाला र खादा लगाउन व्यस्त भएकी थिइन् ।

■■■

## अवैधानिकरूपमा...

उनीहरूलाई भाइबर, ह्वाटएप, टिकटक, टेलिग्राम, मेसेञ्जर आदिमा मेसेज आउने र विभिन्न कार्यालय, कल सेण्टर, कम्प्युटर अपरेटर, रिसेप्सनिस्टलगायतका काममा एक लाखभन्दा बढी कमाइन्छ भनेर प्रलोभनमा पार्ने गरेको पाइन्छ ।

कम्बोडिया-थाइल्याण्ड, म्यान्मार-थाइल्याण्ड सीमा तथा लाओसमा स्क्यामिङ केन्द्रमा विभिन्न मुलुकका व्यक्ति अलपत्र पर्न थालेपछि सो क्षेत्रमा रोजगारीको प्रलोभनमा परी नजान अनुरोध गर्दै दूतावासले २०८० साउन २३ गतेदेखि यात्रा सचेतना जारी गर्न सुरु गरेको थियो । तर उक्त क्रम नरोकिएपछि थाई सरकारले कडा कदम चालेको छ । अब त्यहाँ गैरकानुनी अवस्थामा भेटिए एक जना नेपाली नागरिकले ४६ हजार १०० देखि दुई लाख ३० हजार ५०० रूपैयाँसम्म जरिवाना तिर्नपर्ने हुनसक्छ ।

नेपालीहरू वैधानिक बाटोबाट पनि थाइल्याण्ड जाँदै आएका छन् । गत आव २०८१/८२ मा ७८ जना र २०८०/८१ मा ५६ जना वैदेशिक रोजगार विभागबाट व्यक्तिगत श्रम स्वीकृति लिएर गएका थिए । तर विगत दुई वर्षको तथ्यांक हेर्दा वैधानिकभन्दा अवैधानिक बाटोबाट गएकाहरू बढी छन् । त्यहाँबाट आव २०८०/८१ मा ६८ जना, २०८१/८२ मा १५६ जना र चालु आर्थिक वर्षको हालसम्म १४१ जनालाई उद्धार गरी नेपाल पठाइएको तथ्यांक छ ।

■■■

## कांग्रेस विवादले...

अधिवक्ता जोशीले सर्वोच्चमा रिट दायर भएको जानकारीसहित आयोगमा निवेदन दिएको बताएका छन् । 'निर्वाचन आयोगको गत शुक्रबारको निर्णयले मुलुकको लोकतान्त्रिक र पुरानो पार्टीलाई निर्वाचनबाट वञ्चित गर्न खोजेको देखिएकाले सर्वोच्चमा रिट दर्ता गरिएको हो,' अधिवक्ता जोशीले भने ।

निवेदनमा नेपाली कांग्रेसले सर्वोच्चमा दायर गरेको रिट निवेदनको अन्तिम किनारा नलागेसम्म निर्वाचनमा सम्पूर्ण कार्यक्रम स्थगन गर्न माग गरेको छ । कांग्रेसले निवेदनका साथ सर्वोच्च अदालतमा दायर गरेको रिट निवेदन माघ ६ गतेका लागि पेसी तोकिएको तारेख पर्चाको प्रतिलिपीसमेत पेस गरेको छ ।

देउवामात्र नभएर अरु दलले पनि निर्वाचनको मनोनयन सार्न आयोगसँग आग्रह गरेको आयोग स्रोतले जनाएको छ । नेकपा एमालेले कांग्रेसको विवाद साम्य नभएसम्मका लागि मनोनयनको समय थप्न सुझाव आएको स्रोतले जनायो । यसैगरी नेपाली कम्युनिस्ट पार्टी (नेकपा), राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) लगायतका दलले मनोनयन दर्ताको समय माघ ६ गतेबाट माघ १५ देखि मसान्तसम्म सार्न आग्रह गरेको बताइएको छ ।

यसका लागि आयोगका पदाधिकारीले प्रधानमन्त्री सुशीला कार्कीसँग आइतबार छलफल गरेका छन् । प्रधानमन्त्री कार्कीको अनुमति पाएसँगै मनोनयनको समय एक हप्ता थप्ने तयारी गरेको एक आयुक्तले बताए । 'प्रधानमन्त्रीसँग आज कुराकानी भयो । मनोनयनको समय थप्न चौतर्फी दबाब छ । यसबारे उहाँ सकारात्मक हुनुहुन्छ,' ती आयुक्तले भने, 'सायद मंगलबारसम्ममा आयोगले यसबारे निर्णय गर्न सक्छ ।' मनोनयनको समय यसअघि थप्दा निर्वाचनका अरु कार्यक्रम प्रभावित नहुने भएको यसअघि पनि यस्ता नजिर भएको आयोगको दाबी छ ।

■■■

## अधिकांश...

तर दुवै पक्षलाई कसरी समेटेर लैजाने भन्ने विषयमा निचोड निस्कन बाँकी गरेको प्रवक्ता देवराज चालिसेले बताए । 'अहिले निर्णय आइसकेको छैन, पार्टी एकढिक्का बनाएर लैजाने जिम्मेवारी हाम्रो काँधमा छ,' प्रवक्ता चालिसेले भने, 'मंगलबारसम्ममा निर्णय आउँछ ।' यता देउवा पक्षकै नेताहरू भने रुख चिह्न र चारतारे झन्डाका लागि भए पनि मिलेर जानुको विकल्प नभएको बताउन थालेका छन् । देउवानिकट नेता मीन विश्वकर्माले कानुनी कुरा चल्दै गर्ने र अब बाँकी टिकटमा सभापति गगनकै हस्ताक्षर गरेर अघि बढ्न सकिने बताएका छन् ।

'हिजो उम्मेदवारको टिकटमा कसको हस्ताक्षर हुने भन्ने विवाद थियो । आधामा देउवाले गर्नु भयो । बाँकीमा अब गगनले गर्नु हुन्छ । सबैको सहमतिमा ऊम्मेदवार चयन गरौ । उत्साहका साथ निर्वाचनमा कांग्रेसी उम्मेदवारको पक्षमा भोट माग्ने वातावरण बनाऔ । यसका लागि देउवा, गगन, पूर्णवहादुर, शेखर एकठाउँमा बस्नुस । घेराबन्दीबाट बाहिर आउनुहोस र निर्णय गर्नुहोस,' विश्वकर्माले भनेका छन् ।

यता आइतबार नै कांग्रेस नेत डा. शेखर कोइरालाले आफू मध्यमार्गी भएकाले पार्टीभित्र दबाब झेलिरहेको बताएका छन् । 'मध्यमार्ग र सत्यको बाटो गाह्रो र अप्ठ्यारो हुन्छ तर जित उसैको हुन्छ । म सत्यको बाटो हिँडिरहेको छु । यसबाट विचलित हुन्न,' आफूपक्षका नेताहरूसँग बत्तीसपुतलीको भेलामा कोइरालाले भने । पार्टीको कठिन अवस्थामा कोइरालाले मध्यमार्गी भूमिका निर्वाह गरी पार्टीलाई संकटबाट जोगाउनुपर्नेमा जोड दिएका थिए ।


**पाल्ले मुलडोल सामुदायिक वन उपभोक्ता समूह**
**गोदावरी न.पा. ०४, ललितपुर**

**वन पैदावारको बोलपत्रद्वारा लिलाम बिक्री सम्बन्धी सूचना**

**प्रथम पटक प्रकाशित मिति २०८२/१०/०५ गते**

यस सामुदायिक वन क्षेत्रमा रहेका रुखहरू कटान मुछान गरी उत्पादन भएको उत्तिस प्रजातिका ४९०.२५ क्यु.फि. गोलिया काठ र २.५ चट्टा दाउरा जे जस्तो अवस्थामा छ सोही अवस्थामा आफ्नै खर्चमा उठाई लैजानु पर्ने गरी शिलबन्दी बोलपत्रबाट लिलाम बिक्री गर्नु पर्ने भएकोले यो सूचना प्रकाशित गरिएको छ । इच्छुक व्यक्ति, संघ, संस्था, फर्म वा कम्पनीले यो सूचना प्रकाशित मितिले २१ दिन भित्रमा बोलपत्र फारम खरिद गरी यसै कार्यालयमा २२ औं दिन दिउसो १:०० बजे भित्र शिलबन्दी बोलपत्र दाखिला गर्न सूचित गरिन्छ । बिस्तृत सूचना यस समूहको कार्यालय तथा डिभिजन वन कार्यालय ललितपुरको सूचना पाटीमा टाँस गरिएको व्यहोरा सूचित गरिन्छ ।

**कर्मचारी नरहेको सूचना**

नेपाल सरकारबाट बैदेशिक रोजगार व्यवसाय संचालन गर्न इजाजत प्राप्त यस **Pari Overseas Pvt. Ltd.** इजाजत नम्बर ११७७/०७३/०७४ मा कार्यरत निम्न कर्मचारी हाल यस कार्यालयबाट राजीनामा दिई कार्यरत नरहेको सम्बन्धित सबैमा जानकारी गराइन्छ । निजसँग यस प्रा.लि.को नाममा बैदेशिक रोजगार सम्बन्धी कुनै पनि काम नगर्न/नगराउनु हुन यसै सार्वजनिक सूचनाद्वारा सम्बन्धित सबैमा जानकारी गराइन्छ र यदि यसो गरे गराएमा यस प्रा.लि. जिम्मेवार हुने छैन । साथै कुनै दावी विरोध भएमा ७ (सात) दिनभित्र यस प्रा.लि. मा वा बैदेशिक रोजगार कार्यालयमा सम्पर्क गर्नुहुन अनुरोध गरिन्छ ।

| Name | Citizenship |
|---|---|
| Ashok Kumar Jha | 54242992 |
| Bharat Kumar Ghimire | 97993099 |
| Prakash Pokharel | 2/4963 |
| Rajaram Thakur | 87831612 |
| Pancha Maya Bomjan | 20-01-75-01410 |
| Mingmar Lama | 30-01-73-09529 |
| Punam Bhattarai | 053033/496 |
| .Basanta Kunwor | 41-01-75-07881 |

श्रम ईजाजत नं. ११७७/०७३/०७४
**Pari Overseas Pvt. Ltd.**
Sinamangal, Kathmandu, Nepal - Tel:-+977-4490447, 4490448
Email:-parioverseas1177@gmail.com, Web:- www.parioverseas.co

**कर्मचारी हटाईएको सूचना**

नेपाल सरकारबाट बैदेशिक रोजगार व्यवसाय संचालन गर्न इजाजत प्राप्त यस **Raj Group Of Company Pvt.ltd.** इजाजत नम्बरः १२४५/०७४/०७५ मा कार्यरत निम्न कर्मचारी हाल यस कार्यालयबाट हटाइएको सम्बन्धित सबैमा जानकारी गराइन्छ । निज व्यक्तिहरूसँग यस प्रा.लि.को नाममा बैदेशिक रोजगार सम्बन्धी कुनै पनि काम नगर्न/नगराउनु हुन यसै सार्वजनिक सूचनाद्वारा सम्बन्धित सबैमा जानकारी गराइन्छ र यदि यसो गरे गराएमा यस प्रा.लि. जिम्मेवार हुने छैन । साथै कुनै दावी विरोध भएमा ७ (सात) दिन भित्र प्रा.लि.मा वा वैदेशिक रोजगार विभाग कार्यालयमा सम्पर्क गर्नुहुन अनुरोध गरिन्छ ।

| नाम थर | ठेगाना | नागरिकता नं. |
|---|---|---|
| पुण्य कुमार श्रेष्ठ | सर्लाही | ३८४९०५३८ |
| प्रवेश कार्की | मोरङ | ०५-०१-७५-०१८७७ |
| सुनिल बराल | धनुषा | १११८५७६० |
| पुस्कर चन्द | कंचनपुर | ७७४ |
| बन्दना बस्नेत पौडेल | बागलुङ | ३५-०१-७२-००९०१ |
| संगिता खड्का | नुवाकोट | २५-०१-७४-०५२७३ |
| सुमेर महर्जन | काठमाडौं | २७ (१०६०/१०३१८९) |

RAJ GROUP OF COMPANIES
श्रम ईजाजत नं.१२४५/०७३/०७४
**Raj Group Of Company Pvt**
Basundhara–3, Kathmandu, Nepal Tel : 0977-01-438650
Email : info@rajgroupnepal.com URL: www.rajgroupnepal.com

**बागमती प्रदेश सरकार**
**वन तथा वातावरण मन्त्रालय**
**वन निर्देशनालय**
**डिभिजन वन कार्यालय भक्तपुर**
**सानोठिमी, भक्तपुर**

**काठ, दाउराको सिलबन्दी बोलपत्रद्वारा लिलाम बिक्री सूचना**

**प्रथम/दोस्रो पटक प्रकाशित मिति : २०८२/१०/०५**

श्री डिभिजन वन कार्यालय, भक्तपुरको क्षेत्राधिकारभित्र पर्ने विभिन्न सडक खण्डमा जोखिमयुक्त स्थानमा रहेका दाँया बाँयाका रुखहरू, शहरी वन कार्यक्रम अन्तर्गत कटान भएका रुखहरूबाट उत्पादित र विगतका आ.व.मा बरामदित तथा मुद्धाबाट प्राप्त गोलिया तथा चिरान काठ डिभिजन वन कार्यालय भक्तपुर सानोठिमीको कम्पाउण्ड, राष्ट्रिय परिक्षा बोर्ड सानोठिमीको कम्पाउण्ड र नगरकोट सवडिवका खरिपाटीको कम्पाउण्डमा १ र २ लट बनाई साल, मसला, खोटेसल्ला, उत्तिस, चिलाउने, सौर तथा अन्य जात समेत दोश्रो पटक प्रकाशित सूचना गोलिया थान ४३९ को २५४९.५० घ.फी. काठ साल चिरान थान २५ को ४०.६० घ.फी. (गोलिया ५६.८५ घ.फी.) काठ र विभिन्न जातको दाउरा (२०.५.५) को २.४५ चट्टा र प्रथम पटक प्रकाशित सूचनाको लट नं.३ गोलिया थान १३७ को ४०३.१९ घ.फी. काठ र विभिन्न जातको दाउरा (२०.५.५) को ०.५ गरी जम्मा ३ लटको ६०१ को ३००९.५४ घ.फी. काठ साल चिरान थान २५ को ४०.६० घ.फी (गोलिया ५६.८५ घ.फी. काठ र विभिन्न जातको दाउरा (२०.५.५) को २.९५ जे जस्तो अवस्थामा छ सोही अवस्थामा आफ्नै खर्चमा उठाई लैजानपर्ने गरी लिलाम बिक्री गर्नपर्ने भएकोले यो सूचना प्रकाशित गरिएको छ । इच्छुक व्यक्ति, संघसस्था, फर्म वा कम्पनीले यो सूचना प्रभाव राष्ट्रिय दैनिक पत्रिकामा प्रथम पटक प्रकाशित भएको मितिले २१ दिन भित्र प्रत्येक लटको छुट्टा छुटै सिलबन्दी बोलपत्र दाखिला गर्न आह्वान गरिन्छ । यस सम्बन्धी विस्तृत जानकारीको लागि यस डिभिजन वन कार्यालय भक्तपुरमा सम्पर्क राख्न सकिनेछ । पूर्ण व्यहोराको सूचना यस डिभिजन वन कार्यालय भक्तपुरको सूचना पाटीमा टाँस गरिएकोछ ।


## आजको राशिफल



आचार्य श्री स्वामी ध्रुव, माइण्ड मेनेजमेन्ट गुरु
इन्टरनेसनल एस्टोलोजिकल फोरम
सानेपा, काठमाडौं, नेपाल
फोन : ९८४१५९२५५२
Email: dhruvswamig@gmail.com

सोमबार, ०५ माघ, २०८२

| | |
|---|---|
| मेष | उपलब्धिमूलक, सानो प्रयत्नेल काम बन्ने । |
| वृष | चुनौति भएतापनि उपलब्धि प्राप्त हुनेछ । |
| मिथुन | महत्त्वकांक्षाले समस्या निम्तन सक्नेछ । |
| कर्कट | कमजोरीले आर्थिक असन्तुलन बन्न सक्छ । |
| सिंह | रोकिएका काम बन्ने, आयस्रोत बढ्नेछ । |
| कन्या | अवसर प्राप्त भएपनि मिहिनेत गनुपर्नेछ । |
| तुला | उतारचढावमा समय व्यतित हुनेछ । |
| वृश्चिक | प्रतिष्ठत व्यक्तिबाट सहयोग । |
| धनु | विषेश काम, रोकिएका काम बन्नेछ । |
| मकर | सामान्य फलदायी, परिस्थितिसँग सम्झौता । |
| कुम्भ | बाधा-व्यावधान, राकम र श्रम खर्च हुनेछ । |
| मीन | उतारचढाव, असहजर परिस्थिति हुनसक्ने । |

## प्रहरी तथा एम्बुलेन्स

| | |
|---|---|
| प्रहरी कन्ट्रोल क प्रहरी | १०० |
| जिल्ला प्रहरी (काठमाडौं) | ४२६१९४५/४२६१७९० |
| जिल्ला प्रहरी (ललितपुर) | ५५२१२०७ |
| जिल्ला प्रहरी भक्तपुर) | ६६१४८२१ |
| आकस्मिक प्रहरी सेवा | ४२२६९९९ |
| परोपकार एम्बुलेन्स सेवा | ४२६०८५९ |
| बिशालबजार एम्बुलेन्स सेवा | ४२४४१२१ |
| रेडक्रस एम्बुलेन्स सेवा | ४२२८०९४ |
| ललितपुर रेडक्रस एम्बुलेन्स सेवा | ५५४५६६६ |
| अग्रवाल सेवा केन्द्र | ४४२४८७५ |
| बाल हेल्पलाइन नेपाल | १०९८ |
| वालवालिका खोजतलास समन्वय केन्द्र | १०४/४२२६००६ |

## अस्पताल र विविध

| | |
|---|---|
| दमकल | १०१ |
| रक्तसञ्चार केन्द्र | ४२२५३४४ |
| नेपाल आँखा बैंक | ४४९३६८४ |
| नेपाल आँखा अस्पताल | ४२५०६९१ |
| मध्यपुर अस्पताल, भक्तपुर | ०१-६६३१६५८ |
| तिलगंगा आँखा अस्पताल | ४४९३६८४ |
| वीर अस्पताल | ४२२१९८८ |
| त्रिवि शिक्षण अस्पताल | ४४१२७०७ |
| प्रसूति गृह | ४२५३२७६ |
| टेकु अस्पताल | ४२५३३९६ |
| पाटन अस्पताल | ५५२२२७८ |
| भक्तपुर अस्पताल | ६६१०६७६ |
| मानसिक अस्पताल | ५५२१३३३ |
| कान्ति बाल अस्पताल | ४४१४७९८/४४२७४५२ |
| काठमाडौं मोडेल अस्पताल | ४२४०८०५र६ |
| बी एण्ड बी अस्पताल | ५५३३२०६ |
| मेडिकेयर नेसनल अस्पताल | ४४६७०६७ |
| मेडिकेयर नेसनल अस्पताल (एम्बुलेन्स) | ४४६७०६७ |
| फ्रेन्डस् अफ शान्ता भवन | ४४७०१८१ |
| नेपाल अर्थोपेडिक अस्पताल | ४४९३७२५ |
| काठमाडौं मेडिकल कलेज तथा शिक्षण अस्पताल, सिनामंगल | ४४७६१५२ |
| नेपाल मेडिकल कलेज तथा शिक्षण अस्पताल, जोरपाटी | ४९११००८ |
| कान्तिपुर डेण्टल हस्पिटल, महाराजगञ्ज | ४३७०१३६ |
| कान्तिपुर हस्पिटल, सुविधानगर, तिनकुने | ४१११९५७/८५८ |
| ओम हस्पिटल एण्ड रिसर्च सेन्टर | ४४७६२२५ |
| नर्भिक, थापाथली | ४२५८५५४ |
| सहिद गंगालाल राष्ट्रिय हृदय रोग केन्द्र | ४३७१३२२/४३७१३७४ |
| लाइफ केयर अस्पताल | ४२२७७३५ |
| मितेरी अस्पताल | ६६३१७३६र६६३४०१६ |
| क्यापिटल हस्पिटल (प्रा.) लि. | ४२४४०२२ |
| श्री सत्यसाइ निःशुल्क एम्बुलेन्सर शववाहन (पूर्व काठमाडौं) | ४४९८०३५ |
| निःशुल्क होमियो दातब्य | ४२५५५४०/४२५५५४१ |
| चिकित्सालयरशववाहन सेवा (काठमाडौं) भक्तपुर रेडक्रस | ६६१२२६६ |
| एम्बुलेन्सररक्तसञ्चार सेवा नेसनल किड्नी सेन्टर | ४३६३४५२/४३६०८८९ |
| मानसिक अस्पताल | ४४८०१७० |
| ह्याम्स अस्पताल, बुद्धनगर | ४७८४८४०/४७८५१५७ |
| ईशान बाल नर्सिंग होम तथा प्रसूति गृह (प्रा.) लि. | ४३५४५३७/४३८१९६२ |
| गोर्खा अस्पताल र रिसर्च इस्टिच्यूट | ४२५८५५२/४२५८५५१ |
| मनमोहन मेमोरियल अस्पताल, लैनचौर | ४४११६०५/४४२०८२३ |
| भरोसा अस्पताल प्रा.लि., बानेश्वर | ४४७४९६८/४४८९८९१ |

## शववाहन र विविध

| | |
|---|---|
| सामुदायिक मानसिक स्वा.से. केन्द्र, डांछी | ०१ ६९१२१४४ |
| जनमैत्री हस्पिटल, बालाजु | ४३६६३०१-०५ |
| विनायक अस्पताल तथा प्रसति गृह, गोंगबु | ४३८३१५२/४३८०८४८ |
| नेपाल चेम्बर अफ कमर्स | ४२३०२१३ |
| पशुपति आइघाट सेवा कन्द्र | ४४९२९९९ |
| देव कर्नर निःशुल्क शववाहन सेवा | ४४३४०९३ |
| नेपाल मिटर टयाक्सी संघ | ४२२४३७४ |

## नेपाल राष्ट्र बैंक

०५ माघ, २०८२ (१९ जनवरी, २०२६)

| मुद्रा | एकाइ | खरिद दर | बिक्री दर |
|---|---|---|---|
| भारतीय रूपैयाँ | १०० को | १६०.०० | १६०.१५ |
| अमेरिकी डलर | १ को | १४५.०९ | १४५.६९ |
| युरो | १ को | १६८.५९ | १६९.२९ |
| पाउन्ड स्टिर्लङ | १ को | १९४.५१ | १९५.३१ |
| स्विस फ्रैन्क | १ को | १८०.९७ | १८१.७१ |
| अस्ट्रेलियन डलर | १ को | ९७.३२ | ९७.७२ |
| क्यानाडियन डलर | १ को | १०४.४९ | १०४.९२ |
| सिङ्गापुर डलर | १ को | ११२.७० | ११३.१६ |
| जापानी येन | १० को | ९.१८ | ९.२१ |
| चिनियाँ युआन | १ को | २०.८२ | २०.९० |
| साउदी अरब रियाल | १ को | ३८.६९ | ३८.८५ |
| कतारी रियाल | १ को | ३९.८३ | ४०.०० |
| थाई भाट | ख १ को | ४.६२ | ४.६४ |
| संयुक्त अरब इमिरेट दिराम | १ को | ३९.५० | ३९.६७ |
| मलेसियन रिङेट | १ को | ३५.७६ | ३५.९१ |
| दक्षिण कोरियन वन | १०० को | ९.८५ | ९.८९ |
| स्विडिस क्रोनर | १ को | १५.७४ | १५.८१ |
| डेनिस क्रोनर | १ को | २२.५६ | २२.६६ |
| हङकङ डलर | १ को | १८.६० | १८.६८ |
| कुवेती दिनार | १ को | ४७४.४६ | ४७६.४२ |
| बहराइन दिनार | १ को | ३८४.८५ | ३८६.४४ |

यो विनिमय दरलाई बैंकले आवश्यकता अनुसार जुनसुकै समयमा पनि संशोधन गर्न सक्नेछ । वाणिज्य बैंकहरूले ताक्ने विनिमय दर भने फरक हुन सक्नेछ । अद्यावीधक विनिमय दर बैंकको वेभसाइट www.nrb.org.np मा उपलब्ध हुनेछ ।



फोटोमा नेपाली सेना | नेपाली सेना दिवस, २०८२ को अवसरमा जंगीअड्डामा आयोजित 'नेपाली सेना फोटो तथा बृहत् प्रदर्शनी' अवलोकन गर्दै प्रधानसेनापति अशोकराज सिग्देललगायत । *तस्बिरः रासस*

# मनोनयनपत्र दर्ता गर्न १३ प्रकारका कागजात चाहिने

■ प्रभाव संवाददाता

**काठमाडौं–** निर्वाचन आयोगले आगामी फागुन २१ गते हुने प्रतिनिधिसभा सदस्य निर्वाचनका लागि मनोनयनपत्र दर्ता गर्दा १३ प्रकारका कागजात संलग्न गर्नुपर्ने स्पष्ट पारेको छ ।

पहिलो हुने निर्वाचित हुने निर्वाचनका लागि यही माघ ६ गते हुने मनोनयनपत्र दर्ता गर्दा उम्मेदवारको नागरिकताको प्रमाणपत्रको प्रतिलिपि वा मतदाता परिचयपत्रको प्रतिलिपि, कुनै स्थानीय तहको अन्तिम मतदाता नामावलीमा नाम समावेश भएको निस्सा आवश्यक पर्ने आयोगका प्रवक्ता नारायणप्रसाद भट्टराईले बताए ।

उम्मेदवारी दिँदा संघीय, प्रदेश वा स्थानीय सरकारमा तथा नेपाल सरकार, प्रदेश सरकार वा स्थानीय तहको स्वामित्व अथवा नियन्त्रणमा रहेको वा तीनवटै तहका सरकारबाट अनुदान प्राप्त संस्थाबाट पारिश्रमिक पाउनेगरी बहाल रहेको भए त्यस्तो पदबाट राजीनामा दिएको निस्सा पनि उम्मेदवारले पेस गर्नुपर्ने उनले बताए ।




उम्मेदवारले प्रतिनिधि तोकी मनोनयनपत्र दर्ता गर्ने भएमा प्रतिनिधिसभा सदस्य निर्वाचन निर्देशिका, २०८२ को दफा २४ सँग सम्बन्धित अनुसूची ११ बमोजिमको प्रतिनिधि मुकरर गरेको फाराम भर्नुपर्ने छ । यसैगरी प्रचलित कानुनबमोजिम योग्यता पुगेको व्यक्तिले मनोनयनपत्र दर्ता गर्दा वा गराउँदा प्रतिनिधिसभा सदस्य निर्वाचन नियमावली, २०७४ को नियम ८ बमोजिम सोही निर्वाचन क्षेत्रको अन्तिम मतदाता नामावलीमा नाम समावेश भएका एक जना प्रस्तावक र एक जना समर्थक भई विवरण भरी सहीछाप गरेको मनोनयनपत्र पनि पेस गर्नुपर्ने आयोगले जनाएको छ ।

दलका तर्फबाट उम्मेदवारी दिएको भए मनोनयनको औपचारिक पत्र प्रदान गर्न अधिकार पाएको दलको केन्द्रीय कार्यकारिणी समिति वा सो सरहको समितिको पदाधिकारीले प्रदान गरेको प्रतिनिधिसभा सदस्य निर्वाचन निर्देशिका, २०८२ को अनुसूची ७ बमोजिमको उम्मेदवार मनोनयनको औपचारिक पत्र आवश्यक पर्ने छ । एकल चुनाव चिह्न लिई संयुक्तरूपमा निर्वाचनमा सहभागी दलहरूको हकमा प्रतिनिधिसभा सदस्य निर्वाचन निर्देशिका, २०८२ को अनुसूची ८ बमोजिमको उम्मेदवार मनोनयनको औपचारिक पत्र पनि समावेश गर्नुपर्ने छ ।

निर्वाचन अधिकृतको कार्यालयमा १० हजार रूपैयाँ धरौटी जम्मा गरेको रसिद वा भौचर पनि पेस गर्नुपर्ने छ । तर महिला र दलित वा अल्पसंख्यक समुदाय वा आर्थिकरूपले विपन्न उम्मेदवारको हकमा भने धरौटी रकममा ५० प्रतिशत छुट हुने आयोगका प्रवक्ता भट्टराईले बताए । विपन्नका हकमा स्थानीय तहले आर्थिक रूपमा विपन्न भनी सिफारिस गरेको पत्र पनि समावेश गर्नुपर्ने छ ।

उम्मेदवारले प्रतिनिधिसभा सदस्य निर्वाचन निर्देशिका, २०८२ को दफा २१ सँग सम्बन्धित अनुसूची ९ बमोजिमको ढाँचामा आफ्नो चल, अचल सम्पत्ति, बैंक तथा वित्तीय संस्थामा रहेको खाता, धितोपत्र, सेयर, ऋणपत्र, कसैलाई ऋण दिएको वा लिएको भए त्यसकोसमेत सम्पूर्ण विवरण उल्लेख गरी सिलबन्दी रूपमा पेस गरेको सम्पत्ति विवरण पनि पेस गर्नुपर्ने जनाइएको छ ।

निर्वाचन निर्देशिका, २०८२ को दफा २२ सँग सम्बन्धित अनुसूची १० बमोजिम भरिएको वैयक्तिक विवरण फाराम, निर्वाचित, मनोनीत वा नियुक्त भएको निकायबाट कुनै पनि प्रकारको पेस्की लिएको भए फर्स्योट भएको व्यहोराको निस्सा संलग्न गर्नुपर्नेछ । लेखापरीक्षणबाट कुनै पनि उम्मेदवारका नाममा किटानीसाथ असुल उपर गर्नुपर्ने भनी कायम भएको बेरुजु भए पर्स्योट गरेको निस्सा र निर्वाचन आचारसंहिता, २०८२ को अनुसूची ३ बमोजिमको प्रतिबद्धतापत्र पनि समावेश गर्नुपर्ने आयोगले आइतबार जारी गरेको विज्ञप्तिमा पनि उल्लेख गरिएको छ ।

# विभिन्न सांस्कृतिक कार्यक्रमसहित सातदिने ट्राफिक सप्ताह सम्पन्न



■ प्रभाव संवाददाता

**काठमाडौं–** काठमाडौं उपत्यकामा सडक दुर्घटना न्यूनीकरण तथा ट्राफिक नियमप्रति नागरिकलाई सचेत गराउने उद्देश्यका साथ उपत्यका ट्राफिक प्रहरी कार्यालयद्वारा आयोजना गरिएको 'ट्राफिक सप्ताह' विभिन्न सांस्कृतिक कार्यक्रमसहित सम्पन्न भएको छ ।

'सभ्य नागरिकको चिनारी, सडक दुर्घटना न्यूनीकरण हामी सबैको जिम्मेवारी' भन्ने मूल नारासहित सात दिनसम्म सञ्चालन गरिएको उक्त विशेष अभियानको काठमाडौं महानगरपालिका-२६ स्थित ठमेलमा विविध सांस्कृतिक कार्यक्रम गरी आइतबार समापन गरिएको हो ।

ट्राफिक सप्ताहका अवसरमा सवारी दुर्घटना न्यूनीकरणसम्बन्धी जनचेतनामूलक कार्यक्रम, प्रचारप्रसार, सडक नाटक, सांस्कृतिक प्रस्तुति, दुर्घटनाका घाइतेका लागि रक्तदान कार्यक्रम, सवारी चालक तथा सहचालकलाई प्रशिक्षण, आँखा शिविरलगायत विविध कार्यक्रम सञ्चालन गरिएको उपत्यका ट्राफिक प्रहरी कार्यालयका प्रवक्ता एवं प्रहरी उपरीक्षक नरेशराज सुवेदीले जानकारी दिए ।

समापन कार्यक्रममा प्रमुख अतिथि एवं प्रहरी महानिरीक्षक दानबहादुर कार्कीले चालक, यात्रु तथा पैदलयात्री सबै जिम्मेवार बनेमा सवारी दुर्घटना न्यूनीकरण गर्न सकिने बताए । उनले भने, 'हामी सबै सभ्य बनेको खण्डमा समाज पनि सभ्य बन्छ । हाम्रा परिवार हामी सुरक्षितरूपमा फर्कने प्रतीक्षामा हुन्छन् भन्ने कुरा सम्झेर सवारी चलाउँदा विशेष ध्यान दिन आवश्यक छ ।'

उनले पैदलयात्रीहरूले पनि जथाभावी सडक पार नगरी सुरक्षित स्थान प्रयोग गर्नुपर्नेमा जोड दिए । ट्राफिक नियमको पालना सबैले गरेमा सवारी दुर्घटनाको अन्त्य सम्भव रहेको उनको धारणा थियो । 'ट्राफिक प्रहरी चोकचोकमा बसेरमात्रै दुर्घटना कम हुँदैन,' उनले भने, 'नागरिक आफैं सचेत भई नियम पालना गरेको खण्डमा सवारी दुर्घटना रोक्न सकिन्छ ।'

महानिरीक्षक कार्कीले जेन-जी आन्दोलनका क्रममा क्षति पुगेका प्रहरी भवनको पुनर्निर्माण तथा प्रहरीका लागि सवारीसाधन खरिदमा सहयोग गर्ने सबैप्रति धन्यवादसमेत व्यक्त गरे । कार्यक्रममा काठमाडौं उपत्यका ट्राफिक प्रहरी कार्यालयका प्रमुख एवं प्रहरी वरिष्ठ उपरीक्षक नवराज अधिकारीले ट्राफिक सप्ताह सडक दुर्घटना न्यूनीकरण र सभ्य नागरिकको पहिचान गराउने उद्देश्यले आयोजना गरिएको बताए । उनले भने, 'हामी सबैले ट्राफिक नियमको पालना गरे सवारी दुर्घटना अवश्य न्यूनीकरण हुन्छ ।'

सात दिनसम्म सञ्चालन गरिएको उक्त अभियानमार्फत हजारौं नागरिकलाई ट्राफिक नियमसम्बन्धी सचेतना प्रदान गरिएको उल्लेख गर्दै उनले अब नागरिकले ट्राफिक नियम पालना गर्ने विश्वास व्यक्त गरे । समापन कार्यक्रममा विभिन्न राष्ट्रिय तथा अन्तर्राष्ट्रिय कलाकारहरूले ट्राफिक सचेतनासम्बन्धी सांस्कृतिक प्रस्तुति प्रस्तुत गरेका छन् ।

# उपत्यकाका नदी किनारको दायाँबायाँ २० मिटर छाड्न नपर्ने

**काठमाडौं (प्रस)–** सर्वोच्च अदालतले काठमाडौं उपत्यकाका बागमती र यसका सहायक नदीका हकमा निर्धारित मापदण्डबाहेक दायाँबायाँ थप २० मिटर छाडेरमात्र नक्सा पास गर्नुपर्ने फैसला उल्टी हुने ठहर गरेको छ ।

न्यायाधीशहरू सुनिलकुमार पोखरेल, बालकृष्ण ढकाल र नृपध्वज निरौलाको पूर्णइजलासले यसअघि २०८० पुस ३ गते सर्वोच्च अदालतले उक्त नदी किनाराको दायाँबायाँ २० मिटर छाडेर घर बनाउनुपर्ने फैसला आइतबार उल्टी गर्ने निर्णय गरेको हो । अदालतको यो फैसलासँगै नदी किनारा आसपास २० मिटर छाड्नुपर्ने छैन ।



फैसलामा भनिएको छ, 'उल्लिखित थप २० मिटरभित्रको जग्गामा कानुनबमोजिम नक्सा पास गरी पहिले नै भवन आदि संरचना निर्माण गरिएको अवस्थामा नदी किनारा क्षेत्रमा स्थायी संरचनाहरू निर्माण गर्न र नदी तथा खोलाको सहज प्रवाहका लागि आवश्यक पर्ने जग्गा कानुनबमोजिम क्षतिपूर्ति प्रदान गरी प्राप्त गर्ने भन्ने हदसम्मको उक्त फैसला कानुन र न्यायको रोहमा मिलेको नदेखिँदा सो हदसम्म संयुक्त इजलासको २०८० पुस ३ गतेको फैसला केही उल्टी हुने ठहर्छ ।'


## उदयपुरगढी गाउँपालिका
## गाउँ कार्यपालिकाको कार्यालय
उदयपुरगढी, उदयपुर
कोशी प्रदेश, नेपाल

### बोलपत्र स्वीकृत गर्ने आशयको सूचना

प्रकाशित मितिः २०८२।१०।०५ गते

यस कार्यालयबाट मिति २०८२।०६।१० गते राष्ट्रिय दैनिक पत्रिकामा प्रकाशित तपसिलका सूचनामा रितपूर्वक म्याद भित्र www.bolpatra.gov.np/egp मा दर्ता हुन आएका बोलपत्र सम्बन्धमा पहिलो चरणको प्राविधिक मूल्याङ्कनमा सफल भई आर्थिक प्रस्तावमा तपसिल बमोजिमको न्यूनतम मूल्याङ्कित बोलपत्र सारभूत रूपमा प्रभावग्राही भएकोले सार्वजनिक खरिद ऐन, २०६३ को दफा २७ को उपदफा (२) र सोहि ऐनको दफा ४७ को प्रयोजनार्थ स्वीकृतिको लागि छनौट गर्ने आशयको सात(७) दिने सूचना सम्बन्धित बोलपत्रदाताहरूको जानकारीको लागि प्रकाशित गरिएको छ ।

| क्र.स. | विवरण | बोलपत्रदाताको नाम र ठेगाना | कबोल अंक ने.रु.( VAT र PS सहित) |
|---|---|---|---|
| १. | URM/NCB/Works/04-2082/83, Construction and Upgrading of Nepaltar-Udayapurgadhi Durbar Sadak With RCC Pavement Works (Chainage 6+000 to 7+000 km) | Moonlight-Santosh-Subhalaxmi JV, Siddhicharan-2 | रू.१४७९११३६.२८/-(अक्षेरूपी एक करोड सतचालिस लाख एकान्नब्बे हजार एक सय छत्तिस रूपैंया र अट्ठाइस पैसा मात्र) |

प्रमुख प्रशासकीय अधिकृत



## साउदी/युएइमा रोजगार
कम्पनी : FAISAL FAHAD HUSSEIN AL-KARI TRANSPORT COMPANY IS A ONE-PERSON COMPANY.

पूर्व स्वीकृति मिति : २०८२/१०/०४ | LT. No. 337129 | चलानी नं.६०२५०७४३

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Loader & Unloader | 1 | 0 | 1000 | ३८,७०५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

कम्पनी : MUKUM LUNG BUILDINGS MAINTENANCE AND CLEANING SERVICES

पूर्व स्वीकृति मिति : २०८२/१०/०४ | LT. No. 337130 | चलानी नं.६०२५०७४२

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव AED | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Labour | 49 | 0 | 1000 | ३९,५१५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८२ माघ १२ गते (26th Jan. 2026) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्योहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्योहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्थाः | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्योहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्योहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९६/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | १०,०००/- | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्वरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तवारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नु परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

CENTRAL CAPITAL SERVICES PVT.LTD.
श्रम इजाजत नं. ५७४/०६२/०६३
Airport, Sinamangal, Kathmandu, Nepal. Tel : +977-1-4579491/4579492
E-mail : info@centralcapitalservices.com, Web : www.centralcapitalservices.com



## साउदी/कुवेत/कतारमा रोजगार
कम्पनी : STAR HORIZON CONTRACTING EST.

पूर्व स्वीकृति मिति : २०८२/०६/०८ | पुन विज्ञापन स्वीकृति मिति : २०८२/०९/२९ | LT. No. 331477 | चलानी नं. ६०२४५३१९

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Load unload Worker | 3 | 0 | 1200 | ४६,४४५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

कम्पनी : MASAR COMPANY FOR TAILORING ARAB MEN'SCHOTHING CLOTHING AND FABRICS

पूर्व स्वीकृति मिति : २०८२/१०/०४ | LT. No. 337189 | चलानी नं. ६०२५०७५८

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव KD | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Tailor | 4 | 0 | 140 | ६६,१७५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

कम्पनी : AL ARBIYA TRADING

पूर्व स्वीकृति मिति : २०८२/१०/०४ | LT. No. 325071 | चलानी नं. ६०२३९०५८

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव QR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Cashier | 0 | 12 | 1400 | ५५,८०५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Driver | 9 | 0 | 1500 | ५९,७९० | | | | | | | |
| 3 | Salesman | 0 | 4 | 1400 | ५५,८०५ | | | | | | | |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८२ माघ १२ गते (26th Jan. 2026) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्योहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्योहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्थाः | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्योहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्योहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९६/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | निःशुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्वरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तवारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नु परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

Target Consultant Human Resources Pvt. Ltd.
श्रम इजाजत नं. ८३३/०६६/०६७
Sinamangal-9, Shambhu Marga, Kathmandu, Nepal. Tel: +977- 015911250/015911251
E-mail: info@targetnepal.com, Web: www.targetnepal.com

प्रभाव दैनिक
National Daily

## सम्पादकीय

# बालेन–हर्कको दोहोरो धोका

स्थानीय तहको निर्वाचनमा विभिन्न वाचा गरेर मतदाताको मन जितेका थिए, काठमाडौं महानगरका मेयर बालेन्द्र (बालेन) साह र धरान उपमहानगरका मेयर हर्क साम्पाङले । यी दुई मेयर स्वतन्त्रबाट उम्मेदवार बनेका कारण पनि 'पोलिटिकल आइकन' नै बने । राजनीतिक दलको सिण्डिकेटबाट आजित भएका नेपाली नागरिकका लागि उनीहरूको उम्मेदवारी आशाको किरण बन्यो । परिणामः दुवै जनाले राम्रो मत पाएर पाँच वर्षका लागि निर्वाचित भए ।

बालेनले काठमाडौं सफाइ र सम्पदा जगेर्नामा ध्यान दिन थालेका थिए । हडपिएका सरकारी जग्गाहरू फिर्ता ल्याउने प्रयास थाले भने सुकुम्बासी बस्ती हटाउन निर्मम भएर लागे । यता धरान उपमहानगरमा साम्पाङ खानेपानी समस्या समाधान र श्रम संस्कृति प्रवर्द्धनमा खटिएर लागे । यो बीचमा उनीहरूको काम थोरै भए पनि सहानुभूति भने बाक्लै पाउन थाले । प्रशंसा र स्याबासी पनि उत्तिकै ।

यो पुराना दल, दलीय सिण्डिकेट र अति राजनीतिकरणका विरुद्ध पोखिएको आक्रोश उनीहरूमाथि कन्भर्ट भएर ओइरिएको प्रशंसा थियो । तर यी दुई स्वतन्त्र उम्मेदवारले मतदातालाई धोका दिएका छन् । मतदाताले दिएको मञ्चलाई उपयोग गरी राजनीतिक दल खोलेर ती दलहरूमा आकद्ध भएर पहिलो धोका दिएका हुन् भने दुई वर्ष कार्यकाल बाँकी रहँदै आफूले गरेका वाचाहरू अलपत्र छाडी अर्को धोका दिएका हुन् ।

हर्कले मेयर छँदै श्रम सस्कृति पार्टी स्थापना गरेर आफैं अध्यक्ष बने । यही दल खोलेर उनी देश दौडाहामासमेत निस्किए । मेयर पदको दुरूपयोग गर्दै उनले सरकारी सवारीसाधन प्रयोग गरे । यता बालेन अन्तिम अवस्थामा राष्ट्रिय स्वतन्त्र पार्टीमा प्रवेश गरेका छन् । उनी यसअघि यो पार्टीको वरिष्ठ नेता भएको सहमति भए पनि रास्वपा केन्द्रीय कार्यालय घण्टीघर गएका थिए । आइतबार भने मेयर पद छाड्नासाथ उनी रास्वपाको कार्यालय छिरिसकेका छन् । यसरी दुई स्वतन्त्र उम्मेदवारले दलहरूकै शैली पछ्याउँदै मतदातालाई झुक्याएका छन् ।

प्रतिनिधिसभाको फागुन २१ गतेको निर्वाचनमा दलीय सिण्डिकेट तोडेर यस्तै मेयरलाई जिताउनुपर्ने रहेछ भन्ने सन्देश दुई मेयरले दिनुपर्नेमा आफैं दलका नेताको पिछालग्गु बनेका छन् । यसले स्वतन्त्र उम्मेदवार पनि उही कानै चिरेका शैलीको हुँदो रहेछन् भन्नेमा जनता पुगेका छन् । आफूले गरेका वाचालाई कुल्चनु र जनतामाथि विश्वासघात गरिने पक्कै पनि क्षमायोग्या विषय हैन ।

## श्रम सरोकार

# वैदेशिक रोजगारी जाने वैधानिक प्रक्रिया

विद्यमान वैदेशिक रोजगार ऐनबमोजिम संस्थागत र व्यक्तिगत गरी जम्मा दुई प्रक्रियाबाट वैदेशिक रोजगारीमा जान सकिन्छ । संस्थागत प्रक्रिया भन्नाले विद्यमान वैदेशिक रोजगार ऐन तथा नियमावलीबमोजिम वैदेशिक रोजगार विभागबाट वैदेशिक रोजगार व्यवसाय सञ्चालनको अनुमति लिएका म्यानपावर संस्थामार्फत कानुनबमोजिम वैदेशिक रोजगारीमा जाने प्रक्रियालाई बुझिन्छ ।

### यस प्रक्रियाको अवलम्बन गरी वैदेशिक रोजगारमा जाँदा हुने फाइदाहरूः

- कुन देश जाने हो ? कुन कम्पनीमा जाने हो ? आफूले गर्ने काम के हो ? तलब सुविधा के हुने हो ? सबै कुराको स्पष्ट जानकारी पाइन्छ ।
- विदेशमा रहँदा कुनै समस्या परे सम्बन्धित म्यानपावरलाई सम्पर्क गरी समस्याको समाधान गर्न र उद्धारमा सहयोग पाउन सकिन्छ ।
- म्यानपावरबाट विदेश जाँदा ठगिएमा म्यानपावरले राखेको धरौटीबाट वैदेशिक रोजगार विभागमार्फत रकम असुलउपर गर्न सकिन्छ ।
- विदेशमा भनेअनुसारको काम र तलब नदिएमा पठाउने म्यानपावरबाट असुलउपर गर्ने कानुनी प्रावधान रहेको छ ।
- विदेशमा जाँदा बुझाउनुपर्ने वास्तविक लागत रकम कति हो भन्ने विषयमा बुझ्न सकिन्छ ।

व्यक्तिगत प्रक्रिया भन्नाले कामदार आफ्नै पहलमा विद्यमान वैदेशिक रोजगार ऐन तथा नियमावलीमा उल्लिखित प्रक्रिया पूरा गरी वैदेशिक रोजगारीमा जाने प्रक्रियालाई बुझिन्छ । यस प्रक्रियाको अवलम्बन गरी वैदेशिक रोजगारमा जाँदा कामदार आफ्नो कामका लागि स्वयं जिम्मेवार हुनुपर्दछ । तसर्थ, श्रम स्वीकृति लिएर संस्थागत (म्यानपावर कम्पनी)मार्फत वैदेशिक रोजगारमा जानु तुलनात्मकरूपमा सुरक्षित मानिन्छ ।

- वर्किङ भिसाबाहेक अन्य भिसामा वैदेशिक रोजगारीमा जानु हुँदैन । गलत कागजात बनाई वैदेशिक रोजगार ऐन तथा नियमावलीमा उल्लिखित प्रावधानविपरीत अन्य प्रक्रियाबाट वैदेशिक रोजगारमा जानु गैरकानुनी हुन्छ र यस्तो अवस्थामा कुनै पनि कुराको ग्यारेन्टी हुँदैन र ठगीमा पर्ने सम्भावना हुन्छ ।
- पर्यटक भिसा वा भिजिट भिसामा वैदेशिक रोजगारमा जानु हुँदैन ।

# महिला विश्वकप क्रिकेटमा नेपालको दाबेदारी



❑ राजु सिलवाल

“ महिला विश्वकपका लागि छनोट प्रतिस्पर्धा जस्तो महत्त्वपूर्ण प्रतियोगिता आयोजना गरेर नेपालले फेरि आफ्नो भूमि क्रिकेटका लागि उपयुक्त गन्तव्य भएको प्रमाणित गर्दै छ । यति ठूलो प्रतियोगिता आयोजना गर्ने अवसर पाउनु क्यानका लागि क्षमता प्रदर्शन गर्ने उपयुक्त अवसर पनि हो । नेपाली महिला टिमले भने यही प्रतियोगिताका सिलसिलामा आफ्नो क्षमता प्रदर्शन गर्ने उत्कृष्ट अवसर पाएका छन् । नेपालले महिला क्रिकेटमा छोटै समयमा हासिल गरेको यस उपलब्धिले आगामी दिनमा महिला क्रिकेटको प्रवर्द्धनमा महत्त्वपूर्ण योगदान पुग्न जाने देखिएको छ ।

विश्वका क्रिकेटप्रेमी दर्शकहरूमाझ फेरि एकपटक नेपालको छवि जाज्वल्यमान हुने अवसर आएको छ । नेपाली तथा विश्वका क्रिकेट मन पराउने दर्शकहरूले नेपाल प्रिमियर लिग क्रिकेटको दोस्रो संस्करणको समाप्तिसँगै नेपालमा पहिलोपटक आयोजित महिलाहरूको विश्वकप छनोटका लागि 'टि ट्वाण्टी विश्वकप ग्लोबल क्वालिफायर्स'मा विभिन्न मुलुकका खेलाडीहरूको बलिङ, ब्याटिङ, फिल्डिङ क्षमता देख्न पाउने छन् । टेलिभिजनमा प्रत्यक्ष प्रसारणमार्फत देखिने नेपालको प्राकृतिक सौन्दर्यले नेपालको पहिचान अझ बढाउने अपेक्षा गरिएको छ ।

नेपालमा खेलिने खेलहरूमा क्रिकेटले मुलुकलाई छोटै अवधिमा विश्वव्यापीरूपमा पहिचान दिलाउन सफल भएको हो । नेपाली पुरुष क्रिकेट टिम अब केही सातामा तेस्रोपटक 'टि ट्वान्टी' विश्वकपमा प्रतिस्पर्धाका लागि अन्तिम तयारी गर्न श्रीलंका र भारततर्फ जाँदै छ । नेपाली राष्ट्रिय महिला क्रिकेट टोलीले पनि यसपालि पहिलोपटक काठमाडौंमा 'टि ट्वान्टी' विश्वकप प्रवेशका लागि छनोट प्रतियोगितामा दाबेदारी प्रस्तुत गर्दै छ । महिला क्रिकेट टोली थाइल्याण्डको बैंककमा गत सन् २०२५ को मे महिनामा भएको एसियाली छनोटमार्फत शीर्ष दुईमा आफ्नो स्थान सुरक्षित गर्न सफल भएको थियो । त्यतिखेर उपविजेता बनेको नेपालले संयुक्त अरब इमिरेट्सलाई पराजित गर्दै विश्वव्यापी छनोटमा आफ्नो स्थान सुरक्षित गरेको थियो ।

नेपालमा पहिलोपटक माघ ४ गतेदेखि माघ १८ गतेसम्म इण्टरनेसनल क्रिकेट काउन्सिल आइसिसी महिला टी-२० विश्वकप ग्लोबल छनोटमा सहभागीहरूबीच तीव्र प्रतिस्पर्धा हुँदै छ । महिला क्रिकेटको विश्वव्यापी छनोट अर्थात् ग्लोबल क्वालिफायर्समा कूल १० वटा मुलुकको सहभागिता रहेको छ । सहभागी टिमहरूलाई दुई वटा समूहमा विभाजन गरिएअनुसार समूह 'क' मा बंगलादेश, आयरल्याण्ड, पप्पुआन्युगिनी, नामिबिया र अमेरिका छन् । यस्तै समूह 'ख' मा स्कटल्याण्ड, थाइल्याण्ड, जिम्बाबे, नेदरल्याण्डस र नेपाल रहेका छन् ।

अन्तर्राष्ट्रिय क्रिकेट काउन्सिलको 'टि ट्वान्टी' क्रिकेटको विश्व वरीयता क्रममा ११औं स्थानमा रहेको स्कटल्याण्ड, १२औं स्थानमा रहेको थाइल्याण्ड, १५औं स्थानमा रहेको जिम्बाबे र १४औं स्थानमा रहेको नेदरल्याण्डस्सँग २१औं स्थानमा रहेको नेपाललाई प्रतिस्पर्धा गर्न चुनौतीपूर्ण नै हुने देखिएको छ । काठमाडौंमा आयोजित छनोट खेलका चार वटा शीर्ष टोली आगामी जुनमा इंग्ल्याण्ड र वेल्समा हुने आइसिसी महिला 'टि ट्वान्टी' विश्वकपका लागि छनोट हुने छन् ।

थाइल्याण्डका पूर्वमुख्य प्रशिक्षक हर्षलजयन्त पाठकको प्रशिक्षणमा रहेको नेपालले पहिलो दिनको उद्घाटन खेलमा थाइल्याण्डसँग खेल्दै छ । नेपाली महिला क्रिकेटरहरूले यस प्रतियोगिताका सिलसिलामा विभिन्न अनुभवी टिमसँग खेल्ने अवसर पाउनु महत्त्वपूर्ण मानिएको छ । क्रिकेट खेलप्रति नेपाली दर्शकहरूको अत्यधिक अभिरुचिलाई दृष्टिगत गरी उक्त प्रतियोगितामा नेपालले खेल्ने सबै खेलमा धेरै दर्शक उपस्थित हुने आकलन गरी कीर्तिपुरस्थित त्रिभुवन विश्वविद्यालय क्रिकेट मैदानमा सञ्चालन गरिने भएको छ । प्रतियोगिताका केही खेल मुलपानी क्रिकेट मैदानमा पनि हुने छ ।

## अनुभवी प्रशिक्षक

नेपाल क्रिकेट संघ क्यानले सन् २०२० को आइसिसी 'टि ट्वान्टी' महिला विश्वकपमा थाइल्याण्डलाई प्रवेश गराउन सफल भारतीय प्रशिक्षक हर्षलजयन्त पाठकलाई खुला प्रतिस्पर्धाका आधारमा नेपाली राष्ट्रिय महिला क्रिकेट टिमको मुख्य प्रशिक्षकका रूपमा गत महिना मात्र नियुक्त गरेको थियो । त्यतिखेर विभिन्न मुलुकका ७० जनाभन्दा बढी प्रशिक्षकले दरखास्त दिएका थिए । मुख्य प्रशिक्षक पाठकले थाइल्याण्डको पुरुष राष्ट्रिय क्रिकेट टिमको पनि मुख्य प्रशिक्षकको जिम्मेवारी निभाइसकेका छन् । सन् २०२२ मा एसिया कपमा थाइल्याण्डले पाकिस्तानलाई सेमिफाइनलमा पराजित गर्दा मुख्य प्रशिक्षक रहेका पाठकले भारतमा विभिन्न उमेर समूहका खेलाडीलाई प्रशिक्षण दिएका थिए । भारतकी प्रख्यात महिला क्रिकेटर हरमनप्रित कौरको व्यक्तिगत ब्याटिङ प्रशिक्षकका रूपमा पनि पाठकले कार्य गरेका थिए । नेपाली महिला क्रिकेटमा पाठक पहिलो पूर्णकालीन विदेशी मुख्य प्रशिक्षक बनेका छन् ।

## कीर्तिमानी नेतृत्व

नेपाली महिला क्रिकेट टोलीकी अलराउण्डर इन्दु वर्माको नेतृत्वमा १५ सदस्यीय नेपाली टिम विश्वकप छनोट प्रतिस्पर्धामा सहभागी हुँदै छ । सन् २०२३ मा महिला राष्ट्रिय टिममा १२ वर्ष कप्तान रहिसकेकी रुबिना क्षेत्रीलाई बदलेर इन्दु वर्मालाई कप्तान बनाइएको थियो । सन् २०१९ मा टि ट्वान्टी अन्तर्राष्ट्रियमा डेब्यु गरेकी इन्दुले एक हजार रन कटाउने पहिलो नेपाली महिला क्रिकेटर बनेकी छन् । उनी नेपाली राष्ट्रिय महिला टिममा सबैभन्दा बढी रन बनाउने ब्याटस्म्यान पनि हुन् । सन् २०१० मा सिंगापुरमा सम्पन्न एसिसी यु १९ क्रिकेट प्रतियोगितादेखि उनी अन्तर्राष्ट्रिय प्रतियोगितामा सहभागी हुँदै आइरहेकी छन् । उनको कुशल नेतृत्वमा नेपाली टिमले यसपालिको विश्वव्यापी छनोट प्रतिस्पर्धामा सशक्त उपस्थिति देखाउने अपेक्षा गरिएको छ ।

## नेपाल छनोट भएको खेल

आइसिसी महिला टि ट्वान्टी विश्वकपअन्तर्गतको एसिया छनोटअन्तर्गतको 'सुपर थ्री' चरणको अन्तिम खेलमा नेपाल थाइल्याण्डसँग ७८ रनले पराजित भए पनि पहिलोपटक ग्लोबल छनोट भएको थियो । सो खेलमा नेपालले नौ विकेट गुमाएर ८० रनमात्र बनाएको थियो तर नेपाल र थाइल्याण्ड दुवै आगामी प्रतियोगिताका लागि छनोट हुन पुगे । नेपाल र थाइल्याण्ड दुवै टिमले अघिल्ला खेलमा युएईलाई पराजित गरी ग्लोबल क्वालिफायर्समा आफ्नो स्थान सुरक्षित राख्न सफल भएका थिए । नेपालले युएईलाई पाँच विकेटले हराएको थियो । सो खेलमा कप्तान इन्दु वर्माको अविजित ३० रनको योगदान महत्त्वपूर्ण रहेको थियो ।

## ताजा उपाधि

नेपाली महिला क्रिकेट टोलीले केही समयअघि 'टि ट्वान्टी' अन्तर्राष्ट्रिय शृंखलामा मलेसियालाई उनीहरूकै घरेलु मैदानमा पराजित गरेर उपाधि जित्न सफल भएको थियो । क्वालालम्पुरमा भएको उक्त प्रतियोगितामा सञ्चालन गरिएको पाँच खेलमध्ये नेपालले तीन खेल जितेर उपाधि आफ्नो कब्जामा लिन सफल भएको थियो । पाँचौं तथा अन्तिम खेलमा नेपालले मलेसियालाई पाँच विकेटले पराजित गरेर शृंखला ३-२ ले जितेको थियो ।

## महिला क्रिकेटको इतिहास

नेपालमा सन् २००० मै महिला क्रिकेटको सुरुआत भएको थियो । क्यानले सन् २००५ मा पहिलो महिला घरेलु क्रिकेट प्रतियोगिताको आयोजना गरेको थियो । यसअन्तर्गत स्कुल तथा क्षेत्रीय तहका प्रतियोगिता सञ्चालन गरिएको थियो । क्यानले नेपाली महिला राष्ट्रिय क्रिकेट टिमको निर्माण सन् २००७ मा गरेर अन्तर्राष्ट्रिय सहभागिता प्रारम्भ गरेको थियो ।

नेपाली महिला राष्ट्रिय क्रिकेट टोलीले विभिन्न अन्तर्राष्ट्रिय प्रतियोगितामा नेपालको प्रतिनिधित्व गर्दै आइरहेको छ । क्यानका अनुसार महिला टोलीले सन् २००७ को जुलाईमा एसिसी महिला क्रिकेट प्रतियोगिताबाट अन्तर्राष्ट्रिय डेब्यु गरेर अहिले विश्व 'टि ट्वान्टी इण्टरनेसनल'को विश्व वरीयता क्रममा २१औं स्थानमा पुगिसकेको छ । नेपाली महिला टिमले सन् २०१९ को जनवरीमा चीनविरुद्ध पहिलो 'टि ट्वान्टी' खेल खेलेको थियो । नेपालको महिला टोली सन् २०१६ को महिला एसिया कपको संस्करणका लागि पनि छनोट भएको थियो । यसअघि नेपाली महिला टोलीले सन् २०१२ मै पहिलोपटक महिला 'टि ट्वान्टी' एसिया कपमा भाग लिएको थियो ।

## व्यक्तिगत प्रदर्शन

नेपाली महिला क्रिकेटरहरूले विभिन्न अन्तर राष्ट्रिय प्रतियोगितामा उत्कृष्ट खेल प्रदर्शन गरेर आफ्नो व्यक्तिगत परिचयसमेत बनाउन सफल भएका छन् । नेपाली क्रिकेटर रुबिना क्षेत्रीले सन् २००९ मा सम्पन्न एसिसी महिला 'टि ट्वान्टी' क्रिकेटमा सिंगापुरविरुद्धको खेलमा अन्तिम ओभरको पाँच बलमा पाँच विकेट लिन सफल भएकी थिइन् । रुबिनाले सन् २०२४ को एसिसी महिला 'टि ट्वान्टी प्रिमियर कप'मा नेपालकोतर्फबाट माल्दिभ्ससँगको खेलमा पहिलो शतक बनाएकी थिइन् ।

## जुनियर महिला टोली

नेपाल महिला यु-१९ राष्ट्रिय क्रिकेट टोलीले पनि विभिन्न अन्तर्राष्ट्रिय प्रतिस्पर्धामा भाग लिँदै आइरहेको छ । नेपालको जुनियर महिला टोलीले आइसिसी महिला यु-१९ विश्वकप एसियाली छनोट सन् २०२२ मा तेस्रो स्थान हासिल गरेको थियो । नेपालले सन् २०२७ मा आइसिसी यु-१९ महिला विश्वकप आयोजना गर्ने तयारी गरेको छ । उक्त आयोजना महिला क्रिकेटको विकासका लागि कोशेढुंगा सावित हुने अपेक्षा गरिएको छ ।

अन्त्यमा, महिला विश्वकपका लागि छनोट प्रतिस्पर्धा जस्तो महत्त्वपूर्ण प्रतियोगिता आयोजना गरेर नेपालले फेरि आफ्नो भूमि क्रिकेटका लागि उपयुक्त गन्तव्य भएको प्रमाणित गर्दै छ । यति ठूलो प्रतियोगिता आयोजना गर्ने अवसर पाउनु क्यानका लागि क्षमता प्रदर्शन गर्ने उपयुक्त अवसर पनि हो । नेपाली महिला टिमले भने यही प्रतियोगिताका सिलसिलामा आफ्नो क्षमता प्रदर्शन गर्ने उत्कृष्ट अवसर पाएका छन् । नेपालले महिला क्रिकेटमा छोटै समयमा हासिल गरेको यस उपलब्धिले आगामी दिनमा महिला क्रिकेटको प्रवर्द्धनमा महत्त्वपूर्ण योगदान पुग्न जाने देखिएको छ । नेपाली महिला राष्ट्रिय टिमका लागि यसपटक कठिन टिमहरूसँग प्रतिस्पर्धा गर्नुपर्ने भएकाले मैदानमा चुनौती त्यति सहज हुने देखिँदैन तर नेपाली टिमले प्राप्त गरेको महत्त्वपूर्ण अवसर भनेको घरेलु मैदान हो । आफ्नै गृहमैदानमा उच्चस्तरीय प्रतियोगिता खेल्ने मौका पाउनु सामान्य अवस्था होइन । नेपाली महिला टिमले हालसम्म विभिन्न अन्तर्राष्ट्रिय प्रतिस्पर्धामा हासिल गरेका अनुभव तथा घरेलु दर्शकहरूको अपार समर्थन तथा साथले नेपाली चेलीहरूलाई उत्कृष्ट खेल प्रदर्शनका लगि पक्कै पनि उत्साहित बनाउने कुरामा विश्वस्त हुन सकिन्छ । *रासस*

## पाठक मञ्च

# सबैतिर चुकेको जेन–जी सरकार

भुक्तानी नपाएपछि अस्पतालहरूले धमाधम स्वास्थ्य बिमा सेवा बन्द गर्न थालेका छन् । कोरोना बिमा वा स्वास्थ्य बिमाबापत उपचार गराइएका अस्पताललले ४३ अर्ब भुक्तानी पाएका छैनन् । सरकारले यो भुक्तानी दिन नसकेपछि सरकारी होस् या निजी अस्पतालहरूले बिमा सेवा भटाभट बन्द गरिरहेका छन् । योसँगै निर्माण व्यवसायीको ४५ अर्ब भुक्तानी दिन सकिएको छैन ।

जसका कारण सरकारी भवन, सडक, पुल, विद्यालयहरू अलपत्र परेका छन् । दूध तथा उखु किसानको सात अर्ब बक्यौता छ । पैसा नभएपछि सरकारले उखु किसानको अनुदान कटौती गरिसकेको छ । सुशीला कार्कीले प्रधानमन्त्रीको जिम्मेवारी सम्हालेको झण्डै पाँच महिना हुन लागेको छ । यसबीचमा उनले एक खर्ब ५५ अर्ब ३६ करोड वैदेशिक ऋण लिएकी छन् । योसँगै मुलुकको वैदेशिक ऋण २९ खर्ब ४२ अर्ब पुगेको छ ।

ऋण निरन्तर बढिरहेको छ, त्यो चाहे आन्तरिक होस् या वैदेशिक । राजस्व उठ्न छोडिसक्यो । सबैतिर मन्दी छाएको छ । बेरोजगारी बढ्दो छ । खान नपाएपछि आपराधिक घटनाहरू बढ्न थालेका छन् । देश झनै नाजुक अवस्थामा पुगेको छ । जेन-जी आन्दोलनपछि गठित कार्की सरकारले अर्थतन्त्र चलायमान बनाउने, मुलुकमा सुशासन बसाल्ने जनताको आशा थियो । विडम्बना, आशा निराशामै बदलिएको छ । उनी पनि पुरानै राजनीतिक दल र सरकारको बाटोमा हिँडेकी छन् । हप्तैपिच्छे वैदेशिक ऋण स्वीकृत गर्ने, कर्मचारीको सरुवा-बढुवामै उनी व्यस्त देखिन्छिन् । अर्कोतर्फ, सुशासन बसाल्न बसेको सरकार निरन्तर कुशासनको बाटोमा हिँडिरहेको छ । कहिले विध्वंशकारीलाई छोडिदिन्छ त कहिले सहकारी ठगलाई । यसले यो सरकारप्रति पनि जनआक्रोश बढ्दो छ । सरकारको काम देश र जनताको धनसम्पत्तिको सुरक्षा गर्नु हो ।

दुर्भाग्य, प्रधानमन्त्री कार्की यसमा पनि चुकेकी छन् । छिमेकी भारत र चीनले नेपाली भूभागमा रजगज चलाइरहेका छन् । कालापानी, लिम्पियाधुरा, लिपुलेकमाथि आँखा गाडेर बसेका छन् । दार्जीलिङ, सिक्किम, तिब्बत, बाघघाम, हाजीपुर, काँगडा टिस्ट, गोरखपुरलगायत नेपाली भूभाग त भारत र चीनले लगे नै सँगै यी भूभागमाथि पनि नजर लगाइरहेका छन् । प्रधानमन्त्री कार्कीले यी भूभाग फिर्ता ल्याउन पहल गरेको देखिँदैन ।

उनी त यो भूभाग नेपालको हो भनेरसमेत बोल्दिनन् । अनि यस्ता व्यक्तित्वबाट देश र जनताको सुरक्षा हुन्छ, देशमा विकास हुन्छ भनेर ठान्नु मूर्खता हो । पुराना राजनीतिक दलहरूले राज्यको सम्पत्ति दोहन गरे । सरकारी सम्पत्ति व्यक्तिको नाममा लगे । काठमाडौं उपत्यकासहित देशभरको सार्वजनिक, गुठी, ऐलानी, मठमन्दिर, ढुंगेधारा, कुवा, वनजंगल, खोला नदी, हदबन्दी बढीलगायतका जग्गा विगतमा सरकारी कर्मचारी, दलाल, कानुन व्यवसायी र राजनीतिक पहुँचमा व्यक्तिका नाममा लगियो । पुराना दलहरूले देश सिध्याए भनेर युवा पुस्ता सडकमा ओर्लिए । त्यसक्रममा झण्डै ८० जनाले ज्यान गुमाए ।

आन्दोलनपछि गठित सरकारले दलहरूद्धारा व्यक्तिका नाममा लगिएका सरकारी सम्पत्ति खोजतलास गरी पुनः राज्यको स्वामित्वमा ल्याइने भरोसा गरिएको थियो । तर, यो सरकार पनि पुरानै बाटोमा हिँड्यो । अझ जेन-जी सरकारको नेतृत्व गरिरहेकी सुशीला कार्की स्वयंले तीन आना सरकारी जग्गा कब्जा गरेको आरोप लागेको छ । अनि यस्ता व्यक्तिबाट देशमा सुशासन कायम हुन्छ, भ्रष्टाचार अन्त्य हुन्छ भन्नु हाँस्यास्पद छ ।

काठमाडौंको मात्र लाखौं रोपनी सरकारी जग्गा व्यक्तिको कब्जामा गएको छ । गौशाला भण्डारखाल तथा सिफरचौरमुनिको हजारौं रोपनी सरकारी जग्गा व्यक्तिको नाममा गएको छ । उता, माइती नेपाल विजयचोक, पिंगलस्थानलगायतको सरकारी जग्गा पनि हड्पिएको छ । मुलुककै प्रमुख प्रशासकीय केन्द्र सिंहदरबारको जग्गासमेत कब्जा भइरहेको कब्जा छ । तर, सरकार आफ्नै सम्पत्ति खोज्दैन, किन ? सरकारमा बसेकाहरू सबै काण्डैकाण्डमा मुछिएका छन् ।

उनीहरू आफैंले सरकारी सम्पत्ति दोहन गरेका छन् । यसले सरकारी सम्पत्ति खोजिएमा आफूहरूको पनि पोल खोलिने डरमा उनीहरू हात बाँधेर बसेको देखिन्छ । पुराना होस् या नयाँ भनाउँदाहरू सबै एउटै हुन्, सबैलाई सरकारी सम्पत्ति कसरी दोहन गर्ने भन्नेमात्र छ । अहिले देश बनाउने भन्दै रवि, बालेन, कुलमानहरू तातिएका छन् । रविको विगत होस् या वर्तमान काण्डैकाण्डले ढाकिएको छ । उनीमाथि सहकारी ठगीको मात्र पाँचवटा मुद्दा छ । यतिमात्र होइन, अमेरिकामासमेत उनीमाथि दर्जनौं मुद्दा छन् । उता, बालेनमाथि सिंहदरबार खरानी बनाएको आरोप छ । कुलमानमाथि विद्युत् प्राधिकरणमा रहँदा अर्बौं भ्रष्टाचार गरेको आरोप छ । अनि यस्ता ठग व्यक्तिहरूबाट देश बन्छ ? पुराना नेताहरू ठीक भएनन्, उनीहरूले आफ्नो स्वार्थका निम्ति देश तहसनहस बनाए । तर, यसको फाइदा रवि, बालेन, कुलमानजस्ता ठग व्यक्तिहरूले उठाउन खोजिरहेका छन् ।

राजाले खाए हामीले खान पाएनौं भनेर कांग्रेस, एमाले, माओवादी, मधेसी दलहरू उदाए । अनि दलहरूले खाए हामीले खान पाएनौं भनेर नयाँ भनाउँदाहरूको उदय भएको हो । अब जनताले सबैको अनुहार चिनिराखौं । भ्रममा नपरौं । विगतमा जनताको चाहनालाई सम्मान गर्दै राजाले श्रीपेच त्यागे, दरबार छोडे । र, जंगल पसे । उनी अहिले साधारण जीवन बिताइरहेका छन् ।

तर, एउट राजाको अन्त्य हुँदा हजारौं छोटे राजाहरूको उदय भयो । अहिले राजनीतिलाई सेवा होइन, कमाउखाने भाँडो बनाइयो । यो कुरा जनताले बुझ्न आवश्यक छ । नत्र देश र जनता आफैंले दुःख पाउने छन् । पटक-पटक आन्दोलन भइरहन्छ र जनताका छोराछोरी मरिरहन्छन् । त्यसकारण आउँदो चुनावमा लोकप्रिय व्यक्तिलाई होइन, इमानदार र देश र जनताको निम्ति सोच्ने व्यक्तिलाई जिताऔं ।

- **रूषा थापा**, भक्तपुर



**थारू परिकार** | कञ्चनपुरको शुक्लाफाँटा नगरपालिका-१० टोटीमा माघी मिलन कार्यक्रममा सहभागी पाहुनाका तयार गरिएका थारु समुदायका मौलिक परिकार । पाहुनाका लागि मुसाको चटनी, घोँगी, ढिक्री, कुखुरा, सुगुँरको मासु, गँगटा र महुवाको मदिरा बनाइएको छ । *तस्बिर: रासस*

# 'पर्वतारोहण र पर्यटनले नेपाल-क्यानाडा सम्बन्धलाई थप सुदृढ बनाएको छ'



**काठमाडौं (प्रस)–** सरोकार भएकाहरूले पर्वतारोहण र पर्यटनले नेपाल-क्यानाडा सम्बन्धलाई अझ सुदृढ बनाएको धारणा व्यक्त गरेका छन् ।

नेपाल र क्यानाडाबीच कूटनीतिक सम्बन्ध स्थापना भएको ६१औं वर्षगाँठका अवसरमा नेपाल-क्यानाडा मैत्री तथा सांस्कृतिक संघको आयोजनामा आइतबार यहाँ भएको 'नेपाल क्यानाडा सम्बन्ध विस्तारमा पर्वतारोहण पर्यटन' विषयक अन्तरक्रियामा सरोकार भएकाहरूले दुई देशको सम्बन्ध विस्तारमा पर्यटन क्षेत्रले महत्त्वपूर्ण भूमिका खेलेको बताएका छन् । नेपाल र क्यानाडाबीच १८ जनवरी १९६५ मा औपचारिक कूटनीतिक सम्बन्ध स्थापना भएको हो ।

कार्यक्रममा एक कार्यपत्र प्रस्तुत गर्दै संघका पर्यटनविज्ञ आङछिरिङ शेर्पाले क्यानाडाले नेपालको स्वास्थ्य, शिक्षा, आर्थिक विकास, पूर्वाधार, जलविद्युत् र विपद् व्यवस्थापनजस्ता क्षेत्रमा महत्त्वपूर्ण योगदान पुऱ्याएको बताए । उनले भने, 'क्यानडेली पर्वतारोही र पर्यटकहरूको निरन्तर आगमनले नेपालको पर्यटन प्रवर्द्धनमा ठूलो भूमिका खेलेको छ । साथै, क्यानाडाको सर एडमण्ड हिलारी फाउण्डेसनले खुम्बु र हिमाली क्षेत्रमा शिक्षा, स्वास्थ्य, वातावरण संरक्षण र समुदाय विकासमा उल्लेखनीय योगदान दिएको छ ।'

पर्यटनविज्ञ शेर्पाले हिमालय नेपालका लागि केवल भौगोलिक संरचना मात्र नभई सभ्यता, संस्कृति र भविष्यको आधार भए पनि आज जलवायु परिवर्तनका कारण तीव्ररूपमा हिमनदी पग्लिने, हिमताल फुट्ने जोखिम बढ्नु चिन्ताजनक रहेको धारणा राखे । 'हिमालयको संरक्षण गर्नु भनेको मानव सभ्यताको भविष्य सुरक्षित गर्नु हो । क्यानाडाजस्ता मित्रराष्ट्रसँगको सहकार्यमार्फत दिगो विकास, जलवायु अनुकूलन र विपद् जोखिम न्यूनीकरण सम्भव छ,' उनले भने ।

यसैगरी संघका संरक्षक, पूर्वराजदूत तथा परराष्ट्रविद् हिरण्यलाल श्रेष्ठले पर्वतारोहण पर्यटनमा क्यानाडाको चासो रहँदै आएको बताउँदै हिमताल जोगाउने विषयमा नेपालको मात्र नभई विश्वकै चिन्ता रहेको बताए । उनले आगामी दिनमा हिमाल जोगाउने विषयमा थप सक्रिय भूमिका खेल्नुपर्नेमा जोड दिए ।

कार्यक्रमका प्रमुख अतिथि एवं नेपाल प्रज्ञा-प्रतिष्ठानका पूर्वकुलपति गंगाप्रसाद प्रतिष्ठानका पूर्वकुलपति उप्रेतीले नेपाल र क्यानाडाले विश्वस्तरका सामाजिक र मानवीय मुद्दामा सहकार्य गर्दै अघि बढ्नुपर्नेमा जोड दिए । कार्यक्रममा संघका अध्यक्ष निरोज मास्के, उपाध्यक्ष प्रा.डा. गोपाल पोखरेल, संघका पूर्वअध्यक्ष इञ्जिनियर केशव कुँवर, सदस्य देवेश ढुंगाना, सगरमाथा आरोही शेर्पाले आफ्नो धारणा राखेका थिए ।

त्यस अवसरमा सगरमाथा आरोही लाक्पादोर्जी शेर्पा र नेपालकी कीर्तिमानी अल्ट्राधावक मीरा राईलाई विशेष सम्मान गरिएको थियो । कार्यक्रममा संघका संरक्षक तथा परराष्ट्रविद एवं क्यानाडाका लागि नेपालका पूर्वराजदूत हिरण्यलाल श्रेष्ठ, पूर्वराजदूत कालीप्रसाद पोखरेललगायतको उपस्थिति रहेको थियो ।

# छिसवाङमा मार्ग खुलेको १५ वर्षपछि सडक स्तरोन्नति थालियो



**म्याग्दी–** यहाँको मंगला गाउँपालिका-५ छिसवाङमा मार्ग खुलेको १५ वर्षपछि सडक स्तरोन्नति थालिएको छ । म्याग्दीको पश्चिमी क्षेत्रमा रहेका मंगला, मालिका र धवलागिरि गाउँपालिकालाई जिल्ला सदरमुकाम बेनीसँग जोड्ने बेनी-दरवाङ सडकको बाबियाचौर-दरवाङ खण्डको वैकल्पिक मानिएको पोक-सेराफाँट-पिपलबोट-छिसवाङ-खोप्टी-छ्यारछ्यारे-दरवाङअन्तर्गत छिसवाङ खण्डमा स्तरोन्नति हुन लागेको हो ।

संघीय सरकारले चालु आर्थिक वर्षमा तीन करोड रूपैयाँ बजेट विनियोजन गरेको योजना निर्माणका लागि सडक डिभिजन कार्यालय बागलुङसँग ठेक्का सम्झौता गरेको आचार्य-पदमदीप जेभीले सडक फराकिलो पार्ने, नाली र पर्खाल निर्माणको काम अघि बढाएको निर्माण कम्पनीका प्रतिनिधि महेन्द्र आचार्यले बताए । उनका अनुसार दुई करोड पाँच लाख ५५ हजार रूपैयाँमा ठेक्का सम्झौता भएको योजनाको आगामी २०८३ असार महिनासम्म म्याद रहेको छ । खहरेदेखि छिसवाङ हुदै ओखोलासम्म एक किलोमिटर ५०० मिटर सडकलाई पक्की नालासहित नौ मिटर फराकिलो बनाएर ग्राभेल गरिने आचार्यले बताए ।

छिसवाङका दुर्गाबहादुर खत्रीले वि.सं. २०६७ मा मार्ग खुलेको सडक स्तरोन्नतिका लागि योजना परेपछि स्थानीयवासी उत्साही भएको बताए । 'मार्ग खुलेदेखि हालसम्म सामान्य मर्मतको भरमा तीनदेखि चार मिटर फराकिलो सडकमा एकतर्फीमात्र गाडी चल्ने गरेका थिए,' उनले भने, 'सडक फराकिलो पार्न हामीहरूले स्वःस्फूर्तरूपमा जग्गामा संरचना बनाउन दिएर सहयोग गरेका छौं ।'

यो सडकबाट मंगलाको वडा नं ५ का साथै मालिकाको १ र २ का बासिन्दा लाभान्वित हुनुका साथै बेनी-दरवाङ सडकको बाबियाचौर-दरवाङ खण्डमा पहिरोलगायत कारणले अवरुद्ध हुँदा वैकल्पिकरूपमा प्रयोग गर्न सकिने भएकाले रणनीतिक महत्त्व रहेको छ ।

यसअघिका दुई आर्थिक वर्षमा मंगला गाउँपालिकाले सेराफाँट क्षेत्रमा, गण्डकी प्रदेश सरकारले पिपलबोट खण्डमा र संघीय सरकारले हिलवाङ-खहरेखोला क्षेत्रमा स्तरोन्नति गरेका छन् । जिल्लाको रणनीतिक महत्त्वको सडकको विकल्प भएकाले यो सडकलाई महत्त्व र प्राथमिकता दिइएको छ ।

हिलवाङ, ओखोला र अर्मनखोलामा मोटरेबल पुल निर्माण गरेमा यो सडकमा बाह्रै महिना नियमित यातायात सञ्चालन गर्न सकिने छिसवाङका बासिन्दा किशोर मल्लले बताए । यसअघि संघीय सरकारले खहरेखोलामा 'कल्भर्ट' बनाएको छ । *रासस*

# अतिविपन्न बालबालिकालाई सघाउँदै सामुदायिक वन

**कञ्चनपुर–** शुक्लाफाँटा नगरपालिका-९ स्थित बृन्दावन सामुदायिक वनले अतिविपन्न अवस्थाका बालबालिकालाई दुई वर्षदेखि निरन्तर रूपमा पठनपाठनमा सहयोग पुऱ्याउँदै आएको छ । सामुदायिक वनले सामाजिक उत्तरदायित्वअन्तर्गत असिग्राम माध्यमिक विद्यालय र मंगल आधारभूत विद्यालयमा अध्ययनरत जेहेन्दार, अतिविपन्न, आदिवासी जनजाति तथा दलित समुदायका बालबालिकाका लागि छात्रवृत्ति र विद्यालय पोसाक खरिद गर्न नगद रकम प्रदान गर्दै आएको छ ।

सामुदायिक वनका अध्यक्ष मोहनसिंह ऐरका अनुसार वनले गत वर्ष असिग्राम माध्यमिक विद्यालयलाई दुई लाख रूपैयाँ प्रदान गरेकामा यस वर्ष उक्त रकम वृद्धि गरी तीन लाख रूपैयाँ उपलब्ध गराएको छ । गत वर्ष मंगल आधारभूत विद्यालयलाई पनि दुई लाख रूपैयाँ दिएका थियौं, तर यस वर्ष रकम अभावका कारण सो विद्यालयलाई भने बजेट व्यवस्था गर्न सकिएन । विद्यालयलाई उपलब्ध गराउने रकमबाट झण्डै ३०० भन्दा बढी बालबालिका लाभान्वित भएका छन् ।

सामुदायिक वनले काठ, दाउरा र घाँस बिक्रीका साथै वनभित्र रहेको तालमा माछापालन गरी आयआर्जन गर्ने गरेको छ । सोही आम्दानीको निश्चित हिस्सा शिक्षा क्षेत्रमा लगानी गरिएको अध्यक्ष ऐरले बताए ।

वनको यो प्रयासले विद्यालयमा विद्यार्थीको टिकाउदर बढाएको छ । असिग्राम माध्यमिक विद्यालयका शिक्षक नैनसिंह ऐरले सामुदायिक वनको सहयोगका कारण आर्थिक अभावकै कारण विद्यालय छाड्नुपर्ने अवस्थाको अन्त्य भएको बताए । 'पोशाक, शैक्षिक सामग्री र छात्रवृत्तिका लागि रकम पाउन थालेपछि विपन्न अवस्थाका बालबालिका बढी लाभान्वित भएका छन्,' उनले भने ।

१९९ हेक्टर क्षेत्रफलमा फैलिएको यस बृन्दावन सामुदायिक वनमा ६४३ उपभोक्ता घरधुरी आश्रित छन् । वन संरक्षणसँगै सामाजिक र शैक्षिक विकासमा यस वनले पुऱ्याएको योगदान अन्य सामुदायिक वनका लागि पनि उदाहरणीय बनेको छ । *रासस*


## बिमालेख हरायो

मिति २०८२/०८/२८ गते इमाडोलबाट काठमाडौं जाने क्रममा मेरो निम्न व्यहोरा भएको **बिमालेख** हराएको हुँदा पाउनु हुने महानुभावले नजिकैको प्रहरी चौकी वा निम्न ठेगानामा खबर गरिदिनु हुनु अनुरोध गर्दछु ।

नाम : Sweicha Gurung
ठेगाना : Bishalnagar, Chandol, Kathmandu
बिमालेख नं.: 210007045
सम्पर्क नं : 9841254308

## सच्याइएको

यस प्रभाव दैनिकको वर्ष १२ अंक २५८ माघ ३ गते २०८२ मा प्रकाशित Mashareq International Overseas Pvt.ltd को Lot No. 337110 कम्पनीको नाम Somnath Acharya Technical Services LLC युएइमा कामदारको पारिश्रमिक AED 1500 (नेरु ५९,२७६) हुनुपर्नेमा अन्यथा हुन गएकोले सच्याइएको व्यहोरा अनुरोध छ ।

MASHAREQ INTERNATIONAL OVERSEAS PVT.LTD
Sinamangal-9, Kathmandu, Nepal, Tel: +977-1-4599763, 458335, 985-1018169
Email: mashareqoverseas@gmail.com, Website: www.mashareqoverseas.com.np

## स्कुटर हराएको सूचना

मिति २०८२/०९/१५ गते ललितपुर थसिखेल वडा नं. ६ बाट बेलुकी अन्दाजी १०बजे तिर निम्न व्यहोरा भएको स्कुटर हराएको हुदाँ पाउनुहुने महानुभावले नजिकको प्रहरी कार्यलय वा निम्न ठेगानामा खबर गरी दिनुहुन अनुरोध गरिन्छ ।

सवारी धनी : निसान महर्जन
स्कुटर नं: बागमती प्रदेश ०२-०५४प १३१५
रंग / मोडल :कालो रातो रंग
मोडल : होन्डा कम्पनी को डीयो, ११०cc
ईन्जिन नं JF39ED1098052
च्यासिस नं : MME4JF39JKRD074724
सम्पर्क : ९८४३३०५५१७/९८६४५९०९७१

## नेपाल सरकार
### उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय
### कम्पनी रजिष्ट्रारको कार्यालयको
### कम्पनीको दर्ता खारेज गरिएको सूचना

यस कार्यालयमा मिति २०६७/०३/११ मा दर्ता भएको **प्रा. लि. नं. ७३८७९** को **बिगुल प्रकाशन प्रा. लि.** नामक कम्पनी यस कार्यालयको मिति २०८२/०९/२८ को निर्णय अनुसार कम्पनी ऐन, २०६३ को दफा १३६ (१) बमोजिम विशेष दर्ता खारेजी गरिएको सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।



## साउदीमा रोजगार

कम्पनी : GULF BRIGHTNESS GENERAL CONTRACTING EST

पूर्व स्वीकृति मिति : २०८२/१०/०२ | LT. No. 337180 | चलानी नं. ६०२५०७३५

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब SR | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Cleaners (Male) | 15 | 0 | 1000 | ३८,७०६ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८२ माघ १२ गते (26th Jan. 2026) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९५/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | नि:शुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तवारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

श्रम इजाजत नं. १०८८/०७३/०७४

Al Noor Overseas Pvt. Ltd
Samakhushi-26, Kathmandu, Nepal Phone : +977-4983094, 4960824
E-Mail : operation.alnoor@gmail.com, mktmp.alnooroverseas@gmail.com, Website : www.alnooroverseas.com

## साउदीमा रोजगार

कम्पनी : DUBAI OASIS COMPANY FOR PROVIDING MEALS

पूर्व स्वीकृति मिति : २०८२/१०/०४ | LT. No. 337147 | चलानी नं. ६०२२५०६८२

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब SR | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Catering Asst. | 3 | 0 | 1500 | ५८,०५९ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८२ माघ १२ गते (26th Jan. 2026) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९५/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | नि:शुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तवारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

श्रम ईजाजत नं. ३९७/०६०/०६१

Future Star Manpower Pvt. Ltd.
Samakhushi, Townplaning, Kathmandu, Nepal, (Kathmandu) Phone : +977-1-4960576, 4950719, 9813916322, 9810101810, E-mail : futurestarmp397@gmail.com, Website : www.futurestarmanpower.com

## युएइमा रोजगार

कम्पनी : BASATIN LANDSCAPING SP LLC

पूर्व स्वीकृति मिति : २०८२/१०/०४ | LT. No. 337343 | चलानी नं. ६०२५०७६७

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब AED | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Helpers/Gardeners | 200 | 0 | 1000 | ३९,५१५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८२ माघ १२ गते (26th Jan. 2026) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९५/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | नि:शुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तवारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

Govt.lic.no. 1777/082/083

I.M.G. Nepal Pvt.Ltd.
Lalitpur Metropolitian City-13,EKANTAKUNA, LALITPUR,
Ph. No: +977-015415570, 9851065124, 9767488184/9801166991, E-mail : imgnepal2@gmail.com,

## साउदीमा रोजगार

कम्पनी : INFRASTRUCTURE HORIZON CONTRACTING COMPANY.

पूर्व स्वीकृति मिति : २०८१/११/१८ | पुन विज्ञापन स्वीकृति मिति : २०८२/१०/०४ | LT. No. 319639 | चलानी नं. ६०२३३८८३

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब SR | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Loading & Unloading Workers | 4 | 0 | 1000 | ३८,७०५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८२ माघ १२ गते (26th Jan. 2026) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९५/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | १०,००० | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तवारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

WORKFORCE SERVICES PVT. LTD.
Sinamangal-09, Airport, Kathmadnu, Tel: +977-1-4569912, 4569913, 4569914
Email.:info@workforce.com.np, Web Site : wwww.workforce.com.np
श्रम ईजाजत नं. १७२/०५६/५७

## युएइमा रोजगार

कम्पनी : ARIF HUSSAIN BUILDING MAINTENANCE

पूर्व स्वीकृति मिति : २०८२/१०/०४ | LT. No. 337235 | चलानी नं. ६०२५०७६९

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब AED | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Carpenter | 4 | 0 | 1500 | ५९,२७६ | क.नि.अनुसार | ८ घण्टा | ६ दिन | क.नि.अनुसार | छ | | २ वर्ष |
| 2 | Steel Fixer | 10 | 0 | 1500 | ५९,२७६ | | | | | | | |
| 3 | Stone Mason | 10 | 0 | 1500 | ५९,२७६ | | | | | | | |

कम्पनी : ARMAA BUILDING MAINTENANCE

पूर्व स्वीकृति मिति : २०८२/१०/०४ | LT. No. 337236 | चलानी नं. ६०२५०७७०

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब AED | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Carpenter | 2 | 0 | 1500 | ५९,२७६ | क.नि.अनुसार | ८ घण्टा | ६ दिन | क.नि.अनुसार | छ | | २ वर्ष |
| 2 | Steel Fixer | 2 | 0 | 1500 | ५९,२७६ | | | | | | | |
| 3 | STONE MASON | 2 | 0 | 1500 | ५९,२७६ | | | | | | | |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८२ माघ १२ गते (26th Jan. 2026) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९५/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | नि:शुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तवारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

BON MANPOWER PVT.LTD.
Sinamangal 9, Kathmandu, Nepal, Tel: +977-1-4479751, 4479851, Mobile - 9803960700, 9843361254, 9849744429
9817554717,9841144866, 9847016713, Email: bonmanpower1@gmail.com
श्रम ईजाजत नं. 1514/074/075

## युएइमा रोजगार

कम्पनी : AL MIHRI CONTRACTING COMPANY L.L.C - S.P.C.

पूर्व स्वीकृति मिति : २०८२/१०/०४ | LT. No. 337182 | चलानी नं. ६०२५०७३९

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब AED | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Labour | 10 | 0 | 1000 | ३९,५१८ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८२ माघ १२ गते (26th Jan. 2026) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९५/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | नि:शुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तवारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

Sherpa International Manpower Consultancy Pvt. Ltd.
Koteshwor-32 Kathmandu, Nepal, Tel: +97714361975, Fax: +977 1 4364821
Govt. License 430/060/061

## कुवेतमा रोजगार

कम्पनी : TAAMEER INTERNATIONAL BUILDING CONSTRUCTION COMPANY

पूर्व स्वीकृति मिति : २०८२/१०/०४ | LT. No. 337190 | चलानी नं. ६०२५०७६३

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब KD | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | WELDER | 10 | 0 | 140 | ६६,१७५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८२ माघ १२ गते (26th Jan. 2026) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९५/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | नि:शुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तवारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

श्रम ईजाजत नं. १५७१/०७९/०८०

SPACE HR SOLUTIONS PVT.LTD
Basundhara, Kathmandu; Tel: 01-5925496, Whatsapp No.: 9841607558
E-mail: info@spacehrsolution.com, Web: www.spacehrsolution.com

## युएइमा रोजगार

कम्पनी : MUHAMMAD ARHAM MUHAMMAD TECHNICAL SERVICES

पूर्व स्वीकृति मिति : २०८२/०२/२१ | पुन: विज्ञापन स्वीकृति मिति : २०८२/१०/०४ | LT. No. 325190 | चलानी नं. ६०२३९१५७

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब AED | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Mason | 2 | 0 | 1100 | ४३,४६९ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८२ माघ १२ गते (26th Jan. 2026) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९५/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | नि:शुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तवारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

Superb For Ultimate Manpower Solution Pvt.Ltd
Maligaun, Naxal, (Brihaspati School) Kathmandu, Nepal, Tel : +977-1-4521448
E-mail : info@superbultimate.com, Webiste :www.superbultimate.com

प्रभाव दैनिक

रूपशाला

## रिलिजको तयारीमा 'द ब्ल्यु लाइट'

चलचित्र 'द ब्ल्यु लाइट' यही माघ १६ गते रिलिज हुँदै छ । चलत्रिको ट्रेलर शुक्रबार सार्वजनिक गरिएको छ । यस चलचित्रलाई बलिराम चौहानले निर्देशन गरेका छन् । उनको यो डेब्यु निर्देशन हो । कार्यकारी निर्मातामा छायाकार नरेन्द्र मैनाली र नायिका बेनिशा हमाल छन् । साइकोलोजिकल थ्रिलर जनरामा निर्माण भएको यो चलचित्रमा बेनिशा, अर्पण थापा, आयुशमान देशराज जोशी, सृष्टि श्रेष्ठ, महेश त्रिपाठी र सुरक्षा इटानी मुख्य भूमिकामा छन् ।






# नेपाली गजल एल्बम 'मतला' सार्वजनिक

**काठमाडौं (प्रस)**– नेपाली गजल एल्बम 'मतला' सार्वजनिक गरिएको छ । दार्जीलिङको 'रिदम रेकर्डिङ्स'ले प्रस्तुत गरेको 'मतला' त्यहाँकै संगीतकार जीवनप्रकाश प्रधानको एकल संगीतमा तयार भएको हो ।

गजलकारहरू राधा कणेलका तीन तथा रश्मि असफल र घनेन्द्र ओझाका दुई/दुई गजल समेटिएको 'मतला'मा दार्जीलिङका तीन र नेपालका दुई गायक/गायिकाले स्वर दिएका छन् । उक्त एल्बममा दार्जीलिङका रजनी ऋृदम राई, इस्माइल दास र सृष्टि आचार्य प्रधान तथा नेपालका शिव परियार र निशा देशारले स्वर दिएका छन् ।

गजल एल्बम 'मतला'माथि समीक्षा गर्दै संगीतकार सन्तोष श्रेष्ठले 'नेपाली गजल गायनको स्वर्ण दशक, वि.सं. २०८०-२०९०' अभियानअन्तर्गत भारतबाट समेत नेपाली गजल आउनुले अब नेपाली गजल लेखनसँगै गायनले पनि व्यापकता पाएको बताए । उनले 'मतला' सांगीतिक हिसाबले पनि सुन्दर र सशक्त भएको उल्लेख गरे ।

'संगीतको भाषा, भूगोल हुँदैन । व्यक्तिको संवेदना छुने हरेक संगीत विश्वव्यापी बन्छ,' उनले भने । 'मतला' एल्बमले नेपाली गजल गायनलाई अन्तर्राष्ट्रियकरण गरेको श्रेष्ठको भनाइ थियो । अर्का समीक्षक गजलकार, गीतकार एवं संगीतकार करुण थापाले गजलले संगीतको श्वास पाएपछि मात्र जीवन्त बन्ने बताए । उनले 'मतला' एल्बममा समावेश गजल शब्द, संगीत र गायन तीनै कोणबाट सशक्त रहेको बताए ।




गजलकार राधा कणेलले 'मतला' रेकर्ड गर्दाको सन्दर्भ उल्लेख गर्दै संगीतकार प्रधान परिस्कृत साधक रहेका र अत्यन्त मिहेनतपूर्वक एल्बम तयार भएको बताए । यस्तै गजलकार रश्मि असफलले दुई दशकभन्दा लामो समयदेखि गजल लेखिरहे पनि संगीतमा भर्खरै आउन थालेको बताइन् । गत पुस २७ गते गजलकार असफलकै शब्दमा सन्तोष श्रेष्ठले कोशी प्रदेशको झापामा एकल गजल गायन 'रश्मि गजल गुञ्जन' सम्पन्न भएको थियो । गजलकार एवं गजल अभियन्ता घनेन्द्र ओझाले संगीतकार सन्तोष श्रेष्ठ र आफूले घोषणा गरेको 'नेपाली गजल गायनको स्वर्ण दशक, विसं २०८०-२०९०' अभियानले देशको सीमा पार गरेको उल्लेख गर्दै यस अभियानमा सबैलाई जोडिन अनुरोध गरे ।

संगीतकार प्रधानले आफू ४० वर्षदेखि संगीतमा समर्पित भए पनि सधैं विद्यार्थी जस्तै भएको उल्लेख गर्दै निरन्तर साधनाले गजल संगीततर्फ मोडेको बताए । सार्वजनिकीकरण कार्यक्रममा प्रा.डा. कृष्णहरि बरालले 'मतला'ले नेपाली गजल संगीतका क्षेत्रमा विशेष अर्थ र महत्त्व राख्ने बताए । शब्द र संगीतको उपयुक्त संयोजन तथा स्वरको सही छनोटले गजल उत्कृष्ट बन्ने भएकाले 'मतला'भित्रका गजलमा यी विशेषता रहेका उनको भनाइ थियो । अनाममण्डलीले आयोजना गरेको उक्त कार्यक्रममा अनाममण्डलीका अध्यक्ष रूपक अलंकार, गजलकार ज्ञानु विद्रोहीलगायतले आ-आफ्नो धारणा राखेका थिए ।

# काठमाडौंमा त्रिदेशीय 'आर्ट फर पिस' कला प्रदर्शनी



■ प्रभाव संवाददाता

**काठमाडौं**– नेपाल ललितकला प्रज्ञा-प्रतिष्ठान, समसामयिक चित्रकला विभाग र बंगलादेश आर्टिस्ट ग्रुपको संयुक्त आयोजनामा आइतबारदेखि 'आर्ट फर पिस' विषयक त्रिदेशीय अन्तर्राष्ट्रिय कला प्रदर्शनी सुरु भएको छ । प्रतिष्ठानका कुलपति नारदमणि हार्तम्छाली र बंगलादेश आर्टिस्ट ग्रुपका प्रेसिडेण्ट साइफुल इस्लामले प्रदर्शनीको आइतबार यहाँ उद्घाटन गरे ।

कुलपति हार्तम्छालीले प्रदर्शनीले नेपाल, भारत र बंगलादेशको कलालाई बुझ्न थप सहयोग गर्ने र आगामी दिनमा यस्ता कार्यक्रमलाई निरन्तरता दिइने बताए । विशेष अतिथि पूर्वकुलपति किरण मानन्धरले वैश्विक परिस्थिति विचार गरी शान्तिको विषय उठान गरिएको प्रदर्शनीको सन्देश महत्त्वपूर्ण रहेको बताए ।

प्रतिष्ठानका समसामयिक चित्रकला विभाग प्रमुख सञ्जय वान्तवा राईले प्रदर्शनीको विषयवस्तु शान्तिका लागि कलामात्र नभई संसारका लागि सन्देशसमेत भएको उल्लेख गरे । उनले प्रदर्शनीमा तीन देशका संस्कृति, समाज र अनुभवसँग जोडिएर कलाकारले सिर्जना गरेका कलाकृति समावेश गरिएको बताए ।

बंगलादेश आर्टिस्ट ग्रुपका प्रेसिडेन्ट इस्लामले नेपालमा आर्ट फर पिस विषयमा गरिएको प्रदर्शनी भविष्यमा अन्य देशमा पनि गर्न सकिने बताउँदै प्रदर्शनीमा सहभागी सम्पूर्ण कलाकारप्रति आभार व्यक्त गरे । कलामार्फत शान्ति, मानवता र वैश्विक मित्रताको सन्देश दिने उद्देश्यले आयोजना गरिएको प्रदर्शनीमा नेपाल, भारत र बंगलादेशका १०० युवा तथा अग्रज कलाकारका कलाकृति समावेश गरिएका छन् ।

कार्यक्रममा प्रतिष्ठानका पदाधिकारी, कलाकार, पत्रकारलगायतको सहभागिता रहेको थियो । प्रदर्शनी माघ १० गतेसम्म सञ्चालन हुने छ ।

## रंगशाला

विश्वकप ग्लोबल छनोट

# नेपाल थाइल्याण्डसँग पराजित

■ प्रभाव संवाददाता

**काठमाडौं**– आइसिसी महिला टी-२० विश्वकप ग्लोबल छनोटको उद्घाटन खेलमा नेपाल थाइल्याण्डसँग आठ विकेटले पराजित भएको छ ।

कीर्तिपुरस्थित त्रिवि क्रिकेट मैदानमा आइतबार भएको खेलमा नेपालले दिएको १२३ रनको लक्ष्य पछ्याएको थाइल्याण्डले १६.५ ओभरमा दुई विकेट गुमाउँदै जित हासिल गऱ्यो । थाइल्याण्डका लागि नथाकन चन्थमले अविजित ५७ रनको योगदान दिइन् । उनले २९ बलमा नौ चौका र एक छक्का प्रहार गर्दै ५७ रनको योगदान दिइएकी हुन् । नानपत कोञ्चारोन्काईले ३२ र अफिसरा सुवानचोनराथीले २८ रन बनाइन् । बलिङतर्फ नेपालकी सीता रानामगरले दुई विकेट लिइन् । त्यसअघि टस हारेर पहिले ब्याटिङको निम्तो पाएको नेपालले निर्धारित २० ओभरमा सबै विकेट गुमाउँदै १२२ रनको योगफल बनाएको थियो ।

नेपालका लागि बिन्दु रावलले सर्वाधिक ४४ रन बनाइन् । उनले ५६ बलमा छ चौका प्रहार गर्दै ४४ रन बनाएकी हुन् । त्यस्तै सम्झना खड्काले ११ बलमा २६ रन बनाइन् । रुबिना क्षेत्रीले दुई छक्का र एक चौकासहित १० बलमा १७ रन बनाइन भने पूजा महतोले १२ रन बनाइन् । त्यसबाहेक अन्य खेलाडीले दोहोरो अङ्कमा रन जोड्न सकेनन् । थाइल्याण्डका लागि थिपात्चा पुथावङले सर्वाधिक तीन विकेट लिइन् भने ओन्निता कामचोम्पुले दुई र चनिँदा सुथ्थरुवाङ सुलीपोर्न लाओमी र सुनीदा चातुरोग्रातानाले समान एक/एक विकेट लिएका हुन् । नेपाल आफ्नो दोस्रो खेल यही माघ ८ गते नेदरल्याण्डसँग खेल्ने छ ।



# सरोज स्मृति कप भलिबलको उपाधि मेलम्चीलाई



**चौतारा (प्रस)**– प्रथम सरोज स्मृति कप पुरुष भलिबल प्रतियोगिताको उपाधि मेलम्ची नगरपालिकाले हात पारेको छ । आइतबार भएको फाइनल खेलमा जुगल गाउँपालिकालाई २६-२४, २५-१२ र २५-२३ को सोझो सेटमा हराउँदै मेलम्चीले उपाधि जितेको हो । मेलम्चीले उपाधिसँगै एक लाख रूपैयाँ, ट्रफी र प्रमाणपत्र तथा उपविजेता जुगल गाउँपालिकाले ७५ हजार रूपैयाँ प्राप्त गरेको छ ।

प्रतियोगितामा हेलम्बु गाउँपालिकालाई हराउँदै बलेफी गाउँपालिकाले तेस्रो स्थान सुरक्षित गरेको छ । उसले नगद ५० हजार रूपैयाँ, ट्रफी र प्रमाणपत्र प्राप्त गरेको छ । चौथो स्थानमा सीमित भएको हेलम्बुले नगद पुरस्कार २५ हजार रूपैयाँमा चित्त बुझाएको छ । प्रतियोगितामा ११ समूहबीच प्रतिस्पर्धा भएको थियो ।

# आठौं संस्करणको व्यास अल्ट्रा म्याराथन हुने

**डुम्रे (तनहुँ)**– तनहुँको व्यास नगरपालिकाले 'पर्यटन, धार्मिक एवं ऐतिहासिक क्षेत्रको पहिचानः व्यास नगरपालिकाको अभियान' नारासहित आगामी माघ १६ गते सहिद दिवसका अवसरमा 'आठौं व्यास नगर अल्ट्रा म्याराथन' आयोजना गर्ने भएको छ ।

खेलकुदको माध्यमबाट पर्यटन प्रवर्द्धन गर्ने उद्देश्यले बर्सेनि आयोजना गर्दै आएको अल्ट्रा म्याराथन व्यास नगरपालिकाका प्रमुख वैकुण्ठ न्यौपानेले जानकारी दिए । अल्ट्रा म्याराथन केवल खेलकुद प्रतियोगितामात्र नभई सहिदको बलिदान स्मरण गर्ने र प्रतिभा पहिचान तथा उजागर गर्ने अभियान भएको उनले बताए । पर्यटकीयस्थल व्यास नगरपालिका-५ मानुङकोटदेखि व्यास-८ सहिद गाउँ पुलिमराङमा ४४ किलोमिटर लामो दूरीको म्याराथन हुने नगरपालिकाले जनाएको छ ।

उनका अनुसार यस प्रतियोगिताले मगर र गुरुङ समुदायको सांस्कृतिक पहिचानलाई राष्ट्रिय तथा अन्तर्राष्ट्रियस्तरमा चिनाउन सहयोग गर्नुका साथै पर्यटन प्रवर्द्धन गर्दै स्थानीय अर्थतन्त्र चलायमान बनाउन सहयोग पुऱ्याउने छ । नगरप्रमुख न्यौपानेले भने, 'यो दौड हाम्रो इतिहास, संस्कृति र सहिदप्रतिको सम्मानसँग जोडिएको छ । यसका साथै मगर र गुरुङ समुदायको कला, संस्कार, संस्कृति प्रवर्द्धनमा टेवा पुगेको छ ।'

मानुङकोटबाट अलैचे, चापाघाट, अनसन चौतारी, सफा सडक, भोर्लेटार चोक, बैरेनी, दुम्सी, कलेस्ती, पाथ्रा, सत्रसय, बानियाँडिही, बर्लाची, सोतीबैँसी, बगुवा रिस्ती र बाहुन पोखराहुँदै सहिद गाउँ पुलिमराङसम्म ४४ किलोमिटर दौड सञ्चालन हुने छ ।

व्यास नगरपालिका-६ का वडाध्यक्ष एवं नगर खेलकुद विकास समितिका संयोजक जीवन गुरुङ कुमारले अल्ट्रा म्याराथनले व्यास नगरपालिकाका ग्रामीण बस्ती, धार्मिकस्थल र ऐतिहासिक क्षेत्रलाई एउटै मालामा जोड्ने कार्य गरेको बताए । उनका अनुसार मानुङकोटदेखि पुलिमराङसम्मको मार्ग आफैँमा पर्यटन सम्भावनाले भरिपूर्ण छ । यस प्रतियोगिताले स्थानीय युवालाई खेलकुदतर्फ आकर्षित गर्दै आन्तरिक पर्यटन प्रवर्द्धनमा महत्त्वपूर्ण योगदान पुगिरहेको गुरुङको भनाइ छ ।

नगरपालिकाका सूचना अधिकारी केदारराज आचार्यले प्रतियोगितालाई सुरक्षित र व्यवस्थित बनाउन सबै तयारी पूरा गरिएको जानकारी दिए । धावकको स्वास्थ्य अवस्थालाई ध्यानमा राख्दै विभिन्न स्थानमा चेक प्वाइन्ट, स्वयंसेवक, स्वास्थ्यकर्मी र प्राथमिक उपचार टोली परिचालन गरिने उनले बताए । सहभागी धावकलाई आवश्यक सूचना, मार्गनिर्देशन र सुरक्षा व्यवस्थामा कुनै कमी नहुने उनको भनाइ छ ।

प्रतियोगितामा देशभरका विभिन्न जिल्लाबाट २०० भन्दा बढी व्यावसायिक तथा सौखिन धावकको सहभागिता रहने अपेक्षा गरिएको छ । प्रतियोगितामा प्रथम, द्वितीय र तृतीय हुने धावकलाई क्रमशः ८५ हजार ७७ रूपैयाँ, ६५ हजार ७७ रूपैयाँ र ५५ हजार ७७ रूपैयाँ पुरस्कार प्रदान गरिने छ । *रासस*

**फाल्गुनन्द गाउँपालिका**
**गाउँकार्यपालिकाको कार्यालय**
फाक्तेप, पाँचथर
कोशी प्रदेश

**बोलपत्र स्वीकृत गर्ने आशयको सूचना**

**प्रकाशित मिति: २०८२।१०।०५**

यस कार्यालयको मितिः २०८२/०९/०२ गते प्रभाव राष्ट्रिय दैनिक पत्रिकामा प्रकाशित बोलपत्र आह्वानको सूचना अनुसार रितपुर्वक दर्ता हुन आएका बोलपत्रहरु मध्ये मूल्याङ्कन समितिबाट निम्न बोलपत्रदाताको बोलपत्र न्यूनतम मूल्याङ्कित सारभूत रुपमा प्रभावग्राही भई स्वीकृतीको लागि सिफारिस भई आएकोले सार्वजनिक खरिद ऐन २०६३ को दफा २७(२) तथा दफा ४७ को प्रयोजनार्थ बोलपत्र स्वीकृत गर्ने आशयको सूचना सम्बन्धित बोलपत्रदाता र अन्य सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

| क्र. स. | ठेक्का नं. | कामको विवरण | स्वीकृत बोलपत्रदाताको नाम र ठेगाना | कबोल अंक भ्याट सहित | कैफियत |
|---|---|---|---|---|---|
| १. | PRMW/NCB/03/2082/83 | Construction of Ganesh kamala smirti building infrastructure works. | Handrix Construction and suppliers, Phidim. | **63,46,786.88** NPR | |



चीनको राजधानी बेइजिङमा हिमपातपछि टियानटान पार्क (स्वर्गको मन्दिर) मा हिउँ हटाउँदै कर्मचारी । *तस्बिर: सिन्हवा*

# इण्डोनेसियाको पहाडी क्षेत्रमा हराएको विमानको भग्नावशेष फेला

**जकार्ता–** इण्डोनेसियाका उद्धारकर्ताहरूले आइतबार हराएको एउटा सानो यात्रुवाहक विमानको भग्नावशेष पहाडी क्षेत्रमा फेला पारेका छन् । उक्त विमान अघिल्लो दिन खराब मौसम र बाक्लो कुहिरोका कारण दृश्यता घटेको अवस्थामा सुलावेसी टापुको दुर्गम पहाडी क्षेत्रमा दुर्घटनाग्रस्त भएको विश्वास गरिएको छ । प्रारम्भिक जानकारीअनुसार विमानमा ११ जना सवार थिए ।

टर्बोप्रप एटिआर ४२-५०० विमान इण्डोनेसिया एयर ट्रान्सपोर्टद्वारा सञ्चालन गरिएको थियो । यो विमान इण्डोनेसियाको मुख्य टापु जाभास्थित योगाकार्ताबाट दक्षिण सुलावेसी प्रान्तको राजधानी मकस्सरतर्फ उडिरहेको थियो । शनिबार गन्तव्यतर्फ नजिकिँदै गर्दा एयर ट्राफिक कन्ट्रोलले अप्रोच एलाइनमेन्ट सुधार गर्न निर्देशन दिएको केही समयपछि उक्त विमान रडारबाट हराएको थियो ।

उक्त विमानलाई अन्तिमपटक शनिबार दिउँसो ०१:१७ बजे दक्षिण सुलावेसी प्रान्तको पहाडी जिल्ला मारोसको लेङ-लेङ क्षेत्र वरिपरि ट्र्याक गरिएको थियो । विमानमा आठ जना चालक दलका सदस्य तथा समुद्री मामिला तथा मत्स्यपालन मन्त्रालयका तीन जना यात्रु सवार थिए । ती यात्रुहरू हवाई समुद्री निगरानी मिसनको एक हिस्साका रूपमा यात्रामा रहेको सम्बन्धित अधिकारीहरूले जानकारी दिएका छन् ।



आइतबार बिहान वायु सेनाको हेलिकप्टरमार्फत खटिएको उद्धार टोलीले माउन्ट बुलुसराउङको ढलानस्थित घना वन क्षेत्रमा सानो विमानको झ्यालजस्तो देखिने वस्तु देखेको मकस्सरको खोजी तथा उद्धार विभागका प्रमुख मुहम्मद आरिफ अनवरले जानकारी दिए । त्यसपछि जमिनमा रहेका उद्धारकर्ताहरूले पहाडको उत्तरी ढलानतर्फ विमानको मुख्य धड र पुच्छरसँग मेल खाने ठूला-ठूला भग्नावशेषहरू छरिएका अवस्थामा फेला पारेका उनले पत्रकार सम्मेलनमा बताए ।

'विमानको मुख्य भाग फेला पर्नुले खोजी क्षेत्रलाई उल्लेखनीयरूपमा संकुचित गरेको छ र आगामी खोजीलाई अझ प्रभावकारी बनाउन महत्त्वपूर्ण सुराग प्रदान गरेको छ,' अनवरले भने । उनका अनुसार संयुक्त खोजी तथा उद्धार टोलीहरू अब पीडितहरूको खोजीमा केन्द्रित छन्, विशेषगरी सम्भावितरूपमा जीवित रहन सक्ने व्यक्तिहरूको उद्धारलाई प्राथमिकतामा राखिएको छ ।

दक्षिण सुलावेसीका हसनुद्दीन सैन्य कमाण्डर मेजर जनरल बांगुन नवोकले तीव्र हावा, भारी कुहिरो तथा अत्यन्तै ठाडो र दुर्गम भूभागका कारण खोजी कार्य सुस्त भएको जानकारी दिए । यद्यपि, कठिन परिस्थितिका बाबजुद स्थल तथा हवाई उद्धार टोलीहरू आइतबार निरन्तररूपमा भग्नावशेष स्थलतर्फ अघि बढेका थिए ।

राष्ट्रिय खोजी तथा उद्धार एजेन्सीले आइतबार सार्वजनिक गरेका तस्बिर तथा भिडियोहरूमा उद्धारकर्ताहरू बाक्लो कुहिरोले ढाकिएको साँघुरो र ठाडो पहाडी रिजलाइन हुँदै पदयात्रा गर्दै छरिएका भग्नावशेषसम्म पुग्न प्रयास गरिरहेको देखिएको थियो ।

१७ हजारभन्दा बढी टापु मिलेर बनेको इण्डोनेसिया देशभित्रको आवागमनका लागि हवाई यातायात तथा जल यातायातमा अत्यधिक निर्भर छ । *रासस/एपी*

# ट्रम्पको धम्कीविरुद्ध ग्रिनल्याण्डमा विशाल प्रदर्शन



**नुक–** अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पको धम्कीपूर्ण अभिव्यक्तिको विरोध गर्दै शनिबार ग्रिनल्याण्डमा हजारौं नागरिक सडकमा उत्रिएका छन् । कठ्यांग्रिने हिउँ र बरफबीच राजधानी नुकका बासिन्दाहरूले विरोधका प्लेकार्ड बोकी, राष्ट्रिय झण्डा फहराउँदै र 'ग्रिनल्याण्ड बिक्रीका लागि होइन' भन्ने नारा लगाउँदै आफ्नै स्वशासन र सार्वभौमिकताको समर्थन जनाए ।

प्रदर्शनकारीहरू नुकको सानो डाउनटाउन क्षेत्रहुँदै अमेरिकी वाणिज्य दूतावाससम्म पदयात्रा गर्दा त्यही दिन फ्लोरिडाबाट राष्ट्रपति ट्रम्पले फेब्रुअरीदेखि आठ युरोपेली देशका सामानमा १० प्रतिशत आयात कर लगाउने घोषणा गरेको खबर सार्वजनिक भएको थियो । यस घोषणाले प्रदर्शनकारीहरूमा थप आक्रोश पैदा गरेको बताइएको छ ।

'मलाई लागेको थियो आजको दिन यसभन्दा खराब हुन सक्दैन, तर झन् भयो,' स्थानीय युवा मलिक डोलेरूप-शेबेलले भने । उनले राष्ट्रपति ट्रम्पको पछिल्लो कदमले अरू राष्ट्र र जनताप्रति कुनै संवेदनशीलता नदेखाएको स्पष्ट भएको बताए ।

राष्ट्रपति ट्रम्पले विगतदेखि नै रणनीतिकरूपमा महत्त्वपूर्ण र खनिज स्रोतले धनी ग्रिनल्याण्डलाई संयुक्त राज्य अमेरिकाले आफ्नो स्वामित्वमा लिनुपर्ने धारणा सार्वजनिक गर्दै आएका छन् । ग्रिनल्याण्ड डेनमार्कको अधीनमा रहेको स्वशासित क्षेत्र हो । यस महिनाको सुरुमा भेनेजुएलाका पूर्वराष्ट्रपति निकोलस मदुरोलाई हटाउने सैन्य कारबाहीपछिका अभिव्यक्तिले उनको अडान अझ कडा बनेको स्थानीय नेताहरूको भनाइ छ ।

२१ वर्षीय डोलेरूप-शेबेल र प्रधानमन्त्री जेन्स-फ्रेडरिक निल्सनका अनुसार यो प्रदर्शन नुकको जनसंख्याको करिब एक चौथाइ सहभागी भएको इतिहासकै सबैभन्दा ठूलो प्रदर्शन हो । यस्तै समर्थनस्वरूप डेनमार्कका विभिन्न सहरहरू, कोपनहेगन तथा क्यानाडाको इनुइट-शासित क्षेत्र नुनाभुटको राजधानीमा समेत ऐक्यबद्धता र्‍यालीहरू आयोजना गरिएका थिए ।

कोपनहेगनमा सहभागी एलिस रिचीमहिलाले 'यो केवल ग्रिनल्याण्डको होइन, सम्पूर्ण विश्वको विषय हो' भन्दै कुनै पनि सानो राष्ट्र बिक्रीका लागि नहुने स्पष्ट सन्देश दिइन् । नुकमा आयोजित प्रदर्शनमा सबै उमेर समूहका नागरिक सहभागी थिए । परम्परागत गीत संगीतसहितको पदयात्रामा ४७ वर्षीया मेरी पेडरसन आफ्ना सन्तानसहित सहभागी भइन् । 'हामी हाम्रो देश, संस्कृति र परिवार सुरक्षित राख्न चाहन्छौं,' उनले भनिन् । उनकी नौ वर्षीया छोरी अलास्काले आफैंले बनाएको 'ग्रिनल्याण्ड बिक्रीका लागि होइन' लेखिएको प्लेकार्ड बोकेकी थिइन् ।

नुकका प्रहरी अधिकारी टम ओल्सेनले शनिबारको प्रदर्शन आफूले देखेको सबैभन्दा ठूलो भएको जानकारी दिए । 'यसले युरोप एकताबद्ध छ भन्ने सन्देश दिन सकोस् भन्ने हाम्रो चाहना हो,' उनले भने ।

ग्रिनल्याण्डको संसद्की पूर्वसदस्य टिली मार्टिनसनले ट्रम्प प्रशासनले ग्रिनल्याण्ड अधिग्रहणको 'अविवेकी विचार' त्याग्ने आशा व्यक्त गरिन् । उनले मित्रता र सहयोगको नाममा सुरु भएका अभिव्यक्तिहरू अहिले खुला धम्कीमा परिणत भएको टिप्पणी गरिन् । उनका अनुसार सम्भावित आर्थिक दबाबभन्दा नाटो र ग्रिनल्याण्डको स्वायत्तता संरक्षण बढी महत्त्वपूर्ण छ ।

४० वर्षीया नर्स लुइस लेनर्ट ओल्सेनले राष्ट्रपति ट्रम्पभन्दा पनि अमेरिकी जनतालाई सन्देश दिन चाहेको बताइन् । 'हामी अहिलेजस्तो ग्रिनल्याण्ड रहन चाहन्छौं भन्ने हाम्रो इच्छालाई उनीहरूले समर्थन गरून्,' उनले भने, 'मलाई आशा छ, उनीहरू आफ्नै राष्ट्रपतिको गलत कदमविरुद्ध उभिने छन् ।' *रासस/एपी*

## आठ युरोपेली देशमा अमेरिकी भन्सार लागू हुने संकेत

**वेस्ट पामबीच, फ्लोरिडा–** अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पले ग्रिनल्याण्डमाथि अमेरिकी नियन्त्रणको विरोध गर्ने आठ युरोपेली देशबाट आयात हुने वस्तुमा आगामी फेब्रुअरीदेखि १० प्रतिशत भन्सार शुल्क लागू हुने घोषणा गरेका छन् । उनले यदि जुन १ सम्म ग्रिनल्याण्डसम्बन्धी सहमति हुन नसकेको खण्डमा भन्सार शुल्क २५ प्रतिशतसम्म बढाइने स्पष्ट पारे ।

राष्ट्रपति ट्रम्पले सामाजिक सञ्जाल 'ट्रुथ सोसल' मार्फत भने, 'संयुक्त राज्य डेनमार्क वा अन्य सम्बन्धित देशहरूसँग वार्ता गर्न सधैं तयार रहेको छ । डेनमार्क, नर्वे, स्विडेन, फ्रान्स, जर्मनी, बेलायत, नेदरल्याण्ड्स र फिनल्याण्ड यी भन्सार शुल्कको दायरामा पर्ने छन् ।'

ग्रिनल्याण्ड डेनमार्कको स्वायत्त क्षेत्र हो र नाटोको सहयोगी राष्ट्रसमेत हो । राष्ट्रपति ट्रम्पले यस क्षेत्रलाई अमेरिकी राष्ट्रिय सुरक्षाका लागि महत्त्वपूर्ण ठानेका छन् र रूस तथा चीनले यसमा प्रभाव जमाउने सम्भावनाप्रति सचेत गराए ।

यस निर्णयप्रति युरोपेली नेताहरूले आफ्नो दृष्टिकोण व्यक्त गरे । डेनमार्कका विदेशमन्त्री लार्स लोक्के रासमुसनले यस कदमलाई आश्चर्यजनक भने । युरोपेली आयोगकी अध्यक्ष उर्सुला फन डर लेयेनले यसले ट्रान्स-अटलान्टिक सम्बन्धमा चुनौती सिर्जना गर्न सक्ने चेतावनी दिइन् । *रासस/एपी*

# इयू-मर्कोसुरबीच ऐतिहासिक स्वतन्त्र व्यापार सम्झौता



**असन्सियन (पाराग्वे)–** युरोपेली संघ (इयू) र दक्षिण अमेरिकी राष्ट्रहरूको मर्कोसुर ब्लकले शनिबार औपचारिकरूपमा बहुप्रतीक्षित स्वतन्त्र व्यापार सम्झौतामा हस्ताक्षर गरेका छन् । विश्वभर बढ्दो संरक्षणवाद र व्यापारिक तनावको पृष्ठभूमिमा सम्पन्न यो सम्झौतालाई दुवै पक्षले आर्थिक तथा भूराजनीतिक रूपमा ऐतिहासिक उपलब्धिका रूपमा लिएका छन् ।

पाराग्वेको राजधानी असुन्सिओनमा सम्पन्न हस्ताक्षर समारोहले एक चौथाइ शताब्दीभन्दा लामो, जटिल र कठिन वार्तालाई औपचारिकरूपमा टुंग्याएको छ । अमेरिकी शुल्क नीतिहरू र बढ्दो चिनियाँ निर्यातको दबाबबीच यो सम्झौता इयूका लागि महत्त्वपूर्ण कूटनीतिक विजय मानिएको छ, जसले स्रोत-धनी दक्षिण अमेरिकी क्षेत्रमा युरोपको प्रभाव विस्तार गर्ने छ ।

यस सम्झौताले दक्षिण अमेरिकाले संयुक्त राज्य अमेरिकामाथि मात्र निर्भर नरही व्यापार र कूटनीतिक सम्बन्धहरू विविधीकरण गरिरहेको सन्देश पनि दिएको छ । अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पले पश्चिमी गोलार्द्धमा आक्रामक भू-राजनीतिक प्रभुत्व जमाउन खोजिरहेका बेला यो सम्झौतालाई त्यसको प्रतिवादका रूपमासमेत हेरिएको छ ।

सम्झौता कार्यान्वयनमा जानुअघि युरोपेली संसद्को अनुमोदन आवश्यक रहने छ, जहाँ केही राजनीतिक र कृषि लबीबाट अवरोधको सम्भावना छ । यद्यपि, दक्षिण अमेरिकामा भने यसको अनुमोदन लगभग सुनिश्चित मानिएको छ, किनकि यसले व्यापक राजनीतिक तथा व्यावसायिक समर्थन पाएको छ । मर्कोसुर ब्लकमा अर्जेन्टिना र ब्राजिलजस्ता ठूला अर्थतन्त्रसहित पाराग्वे र उरुग्वे समावेश छन् । ब्लकको नयाँ सदस्य बोलिभिया हाल सम्झौतामा समावेश छैन तर आगामी वर्षहरूमा सामेल हुनसक्ने बताइएको छ । भेनेजुएलालाई भने मर्कोसुरबाट निलम्बन गरिएको हुँदा सम्झौताबाट बाहिर राखिएको छ ।

सम्झौताअन्तर्गत अर्जेन्टिनाको गोमांसदेखि जर्मनीका कारहरूसम्मका ९० प्रतिशतभन्दा बढी वस्तुमा चरणबद्ध रूपमा भन्सार शुल्क हटाइनेछ । यसले करिब ७० करोडभन्दा बढी उपभोक्तालाई समेट्ने विश्वकै ठूलो स्वतन्त्र व्यापार क्षेत्रमध्ये एक निर्माण गर्ने र उपभोक्ताहरूका लागि वस्तु तथा सेवाको मूल्य घटाउने अपेक्षा गरिएको छ । युरोपेली आयोगकी अध्यक्ष उर्सुला भोन डेर लेयनले सम्झौतालाई संरक्षणवादविरुद्धको स्पष्ट सन्देशका रूपमा चित्रण गरिन् । 'हामी शुल्कभन्दा निष्पक्ष व्यापार रोज्छौं र अलगावभन्दा दीर्घकालीन साझेदारीलाई प्राथमिकता दिन्छौं,' उनले समारोहमा भनिन् । उनका अनुसार यो सम्झौताले दुवै क्षेत्रका जनता र अर्थतन्त्रलाई समृद्ध बनाउने छ ।

ब्राजिलका राष्ट्रपति लुइज इनासियो लुला दा सिल्भाले पनि सम्झौतालाई बहुपक्षीय सहयोग र विश्वव्यापी व्यापारको विजयका रूपमा स्वागत गरे । उनले एकपक्षीयता र संरक्षणवादले विश्व अर्थतन्त्रलाई कमजोर बनाउने टिप्पणी गरे ।

यद्यपि, सम्झौताका क्रममा युरोपेली किसानहरूको चासो सम्बोधन गर्न वातावरणीय मापदण्ड, कृषि आयातमा कोटा तथा कर कटौतीका समयसीमा जस्ता प्रावधानहरू समावेश गरिएका छन् । यसका साथै इयूले आफ्ना किसानहरूका लागि थप अनुदानको प्रतिबद्धता जनाएको छ । फ्रान्सजस्ता केही देशमा अझै पनि राजनीतिक विरोध कायम रहेको छ ।

इयू व्यापार आयुक्त मारोस सेफकोभिकले युरोपेली संसद्मा सम्झौताको अनुमोदन सुनिश्चित गर्न सक्रिय लबिइङ सुरु गर्ने जानकारी दिए । उनका अनुसार यो सम्झौताले उच्च कर र शक्ति राजनीतिभन्दा अन्तर्राष्ट्रिय कानुन, पूर्वानुमानयोग्यता र खुला व्यापारलाई प्राथमिकता दिने स्पष्ट सन्देश दिएको छ । यो सम्झौताले लामो समयदेखि आन्तरिक विवाद र आर्थिक समस्याले कमजोर बनेको मर्कोसुर ब्लकको पुनर्जीवनको संकेत पनि दिएको छ । *रासस/एपी*


**कतारमा रोजगार** कम्पनी : NEAT NEST CLEANING SERVICES

पूर्व स्वीकृति मिति : २०८२/१०/०४ | LT. No. 337286 | चलानी नं. ६०२५०७६८

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब QR | मासिक तलब ने.रू. | ओभर टाइम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Receptionist | 0 | 4 | 2500 | ९९,६५५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |
| 2 | Service Employee | 0 | 4 | 1800 | ७१,७५० | | | | | | | |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८२ माघ १२ गते (26th Jan. 2026) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९५/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | नि:शुल्क | रु.७००/- कामदार आफैले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

Govt. License 1331/074/75

KALIKA HUMAN RESOURCE PVT LTD
Basundhara, Kathmandu, Nepal. Tel: +977-01-4987803, 4965281
Email: kalikahuman1331@gmail.com Web: www.kalikahuman.com.np

**कतारमा रोजगार** कम्पनी : MADINA GROUP WLL

पूर्व स्वीकृति मिति : २०८२/०४/०५ | पुन विज्ञापन स्वीकृति मिति : २०८२/१०/०४ | LT. No. 327424 | चलानी नं. ६०२४१२४६

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब QR | मासिक तलब ने.रू. | ओभर टाइम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | DRIVER | 1 | 0 | 1400 | ५५,८०५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |
| 2 | LABOURER/HELPERS | 2 | 0 | 1000 | ३९,८६० | | | | | | | |
| 3 | SUPERVISOR | 4 | 0 | 3000 | ११९,५८५ | | | | | | | |
| 4 | TECHNICIAN | 2 | 0 | 1200 | ४७,८३५ | | | | | | | |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८२ माघ १२ गते (26th Jan. 2026) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९६/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | नि:शुल्क | रु.७००/- कामदार आफैले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

LIC No. 407/060/61

Seagull International Global H.R. Consultants Pvt. Ltd.
Sukedhara, Kathmandu, Nepal, Tel: 01-4375822/4375824, Mob: 9808818851, 9816060051, 9851015421, 9746458492, 9841781155, E-mail : cm.seagull55@gmail.com, Web: www.seagullnepal.com.np

**साउदीमा रोजगार** कम्पनी : TAL CONTRACTING COMPANY IS A SOLE PROPRIETORSHIP

पूर्व स्वीकृति मिति : २०८२/१०/०४ | LT. No. 337186 | चलानी नं. ६०२५०७७५

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब SR | मासिक तलब ने.रू. | ओभर टाइम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | heavy equipment operator | 2 | 0 | 2500 | ९६,७६४ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८२ माघ १२ गते (26th Jan. 2026) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९५/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | १०,०००/- | रु.७००/- कामदार आफैले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

SYNNET INTERNATIONAL PVT.LTD.
Jagaran Marga, Maharajgunj, Kathmandu, Nepal, Tel: 01- 5445018, Mob: 9841591817
E-mail : info@synnetinternational.com, Web: synnetinternational.com
ISO 9001: 2008 Certified Company | Certified No. 70902

**मलेसियामा रोजगार** कम्पनी : RASHID AZLAN SECURITY SDN BHD

पूर्व स्वीकृति मिति : २०८२/०६/०९ | पुन विज्ञापन स्वीकृति मिति : २०८२/१०/०४ | LT. No. 331643 | चलानी नं. ६०२५०७५२

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब RM | मासिक तलब ने.रू. | ओभर टाइम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Security Guard | 34 | 0 | 1700 | ६०,९१५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८२ माघ १२ गते (26th Jan. 2026) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९६/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | नि:शुल्क | रु.७००/- कामदार आफैले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

श्रम इजाजत नं. ९८१/०६७/०६८

MAHAD MANPOWER PVT. LTD. (SPLENDID JOB SOLUTION PVT. LTD.)
Tinkune, Kathmandu, Nepal Tel No: +9'77-1-4112456/ 411 2457, WhatsApp: +977 9845312486, +977 9808530379
Email Id: info@mahadmanpower.com.np, Web: mahadmanpower.com.np, Job Portal: mahadjobs.com

प्रभाव दैनिक National Daily

# अर्थ बजार

आजको मूल्य

| छापावाला सुन | तेजाबी सुन | चाँदी |
|---|---|---|
| प्रति तोला – २७७८०० | प्रति तोला – ० | प्रति तोला – ५६२५ |







**गोरुगाडामा उखु** | सर्लाहीको धनकौल गाउँपालिका-३ स्थित अन्नपूर्ण चिनी उद्योगमा उखु बिक्री गर्न गोरुगाडामा राखेर लैजाँदै किसान । *तस्बिर: रासस*

सिएनआईको आग्रह

# चुनावी घोषणापत्रमा आर्थिक विषयलाई प्राथमिकता दिऔं

■ प्रभाव संवाददाता




**काठमाडौं–** नेपाल उद्योग परिसंघ (सिएनआई) ले आसन्न निर्वाचनका क्रममा राजनीतिक दलका घोषणापत्रमा आर्थिक विषयलाई मुख्य प्राथमिकतामा राख्न आग्रह गरेको छ।

आइतबार यहाँ आयोजित एक कार्यक्रममा परिसंघका अध्यक्ष वीरेन्द्रराज पाण्डेले मुलुकले तोकिएको समयमा सरकार पाएर राजनीतिक निकाससँगै आर्थिक निकास पनि पाउनुपर्नेमा जोड दिए। ‘अहिले राजनीतिक एजेण्डाले मात्र प्राथमिकता पाइरहेको देखिन्छ, तर मुलुकको अर्थतन्त्र सुधारका लागि स्पष्ट योजना र मार्गचित्र अतिआवश्यक छन्,’ उनले भने।

अध्यक्ष पाण्डेले हरेक दशकजस्तै राजनीतिक परिवर्तन भइरहे पनि देशको औसत आर्थिक वृद्धिदर उल्लेख्यरूपमा सुधार हुन नसकेको बताए। उनका अनुसार पछिल्ला वर्षमा अर्थतन्त्रमा उत्पादन तथा उद्योग क्षेत्रको योगदान घट्दै गएको र सेवा क्षेत्रको हिस्सा बढ्दै गएको प्रवृत्ति चिन्ताजनक छ।

‘अर्थतन्त्रमा उत्पादनमूलक क्षेत्रको योगदान बढाउनु आजको आवश्यकता हो। यसो नभएमा दीर्घकालीन आर्थिक स्थायित्व सम्भव हुँदैन,’ उनले भने। अध्यक्ष पाण्डेले पुँजीगत खर्च कमजोर हुनु, तरलता पर्याप्त हुँदाहुँदै पनि लगानी विस्तार हुन नसक्नु, नीतिगत अस्थिरतालगायत समस्याका कारण आर्थिक वृद्धिदर हुन नसकेको बताए।

सिएनआईले अर्थतन्त्र सुधारका लागि लगानीमैत्री वातावरण निर्माण गर्नुपर्ने, हरेक वर्ष कर नीतिमा हुने परिवर्तन अन्त्य गर्नुपर्ने, प्रशासनिक झण्झट कम गर्नुपर्ने र एउटै कामका लागि धेरै निकाय धाउनुपर्ने अवस्थाको अन्त्य गर्नुपर्ने सुझाव दिएको छ।

अध्यक्ष पाण्डेले नियामकीय संरचना धेरै हुँदा व्यवसाय गर्न कठिन भइरहेको पनि बताए। राजनीतिक स्थायित्वसँगै अर्थतन्त्रलाई गति दिनु अबको मुख्य लक्ष्य हुनुपर्नेमा उनले जोड दिए। उनले राजनीतिक दलका घोषणापत्रमा राम्रा प्रतिबद्धता हुने गरे पनि कार्यान्वयनपक्ष कमजोर रहने गरेको टिप्पणी गरे।

सिएनआईले उद्यमशीलता प्रवर्द्धन गर्ने नीति अपनाउनुपर्ने, सुशासन कायम गर्नुपर्ने, ठूला पूर्वाधार आयोजना तोकिएको समयमा सम्पन्न गर्नुपर्ने, सूचना प्रविधिमा आधारित उद्यमलाई प्राथमिकता दिनुपर्ने, ऊर्जा सुरक्षा बलियो बनाउनुपर्ने तथा पर्यटन प्रवर्द्धनमा विशेष ध्यान दिनुपर्ने सुझाव दिएको छ। यसैगरी वन पैदावरबाट अधिक लाभ लिनसक्ने नीति बनाउनुपर्ने, खानी तथा खनिज क्षेत्रमा आन्तरिक र वैदेशिक लगानी आकर्षित गर्नुपर्नेलगायत विषयमा पनि राजनीतिक दलहरू गम्भीर हुनुपर्ने सिएनआईको धारणा छ।

कार्यक्रममा उद्योग परिसंघका वरिष्ठ उपाध्यक्ष निर्वाण चौधरीले मुलुकभित्रको बेरोजगारी अहिले सबैभन्दा ठूलो समस्या रहेको उल्लेख गरे। आगामी निर्वाचनका क्रममा राजनीतिक स्थायित्वसँगै दिगो आर्थिक विकासका लागि स्पष्ट मार्गचित्र बनाएर जान सबै राजनीतिक दलका माथिल्लो तहका नेतासँग छलफल र अन्तरक्रिया गरिने उनले बताए।

# एकल बिन्दु सेवा केन्द्रको तयारी गर्दै लगानी बोर्ड

**काठमाडौं (प्रस)–** राष्ट्रिय तथा अन्तर्राष्ट्रिय लगानीकर्तालाई छिटो, सहज र समन्वयात्मक सेवा उपलब्ध गराउने उद्देश्यसहित लगानी बोर्डको कार्यालयले एकल बिन्दु सेवा केन्द्र सञ्चालनका लागि गृहकार्य अघि बढाएको छ। बोर्डले छरितो सेवा प्रवाहमार्फत लगानीको वातावरण थप सुधार गर्ने र लगानी आकर्षणलाई गति दिने लक्ष्यका साथ यो संरचना निर्माणको तयारी थालेको हो।

यस प्रयोजनका लागि बोर्डले सहसचिव हेमराज तामाङलाई एकल बिन्दु सेवा केन्द्रको संयोजन गर्ने जिम्मेवारी तोकेको छ भने सेवा प्रवाहलाई प्रभावकारी बनाउन १४ वटा सरकारी निकायले अख्तियारीसहित ‘फोकल पर्सन’ (सम्पर्कव्यक्ति) नियुक्त गरेका छन्।

फोकल पर्सन तोक्ने निकायमा भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालय, भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय, वन तथा वातावरण मन्त्रालय, नेपाल राष्ट्र बैंक, अध्यागमन विभाग, आन्तरिक राजस्व विभाग, उद्योग विभाग, खानी तथा भूगर्भ विभाग, भन्सार विभाग, श्रम तथा व्यवसायजन्य सुरक्षा विभाग, विद्युत् विकास विभाग, कम्पनी रजिस्ट्रारको कार्यालय र नेपाल दूरसञ्चार प्राधिकरण रहेका छन्। बोर्डले आवश्यक देखेमा अन्य निकायले पनि थप फोकल पर्सन तोक्नसक्ने जनाएको छ।

बोर्डको कार्यालयले सम्बन्धित मन्त्रालय, विभाग तथा निकायसँग समन्वय गरी एकल बिन्दु सेवा केन्द्र सञ्चालनका लागि आवश्यक कार्यविधिको मस्यौदा तयार पारिसकेको बोर्डका प्रमुख कार्यकारी अधिकृत सुशील ज्ञवालीले जानकारी दिए। उनका अनुसार तत्कालका लागि बोर्डले तोकिएका फोकल पर्सनसँग प्रत्यक्ष समन्वय गर्दै सेवा प्रवाहलाई व्यवस्थित बनाउने योजना बनाएको छ।




कार्यकारी अधिकृत ज्ञवालीले जेन-जी आन्दोलनका क्रममा बोर्डको कार्यालयमा आगजनी भएकाले नयाँ कार्यालय व्यवस्थापन र कार्यविधिले अन्तिम रूप पाएपछि मात्र एकै स्थानबाट सेवा प्रवाह सुरु हुने जानकारी दिए। उनले ‘अटोमेसन’ (मानवीय हस्तक्षेपविना उपकरण, कम्प्युटर वा सफ्टवेयरको सहायताले कुनै कार्य वा प्रक्रियालाई स्वचालितरूपमा सञ्चालन गर्ने प्रविधि) प्रणालीमार्फत काम गरिने भएकाले प्रविधिको प्रयोग महत्त्वपूर्ण हुने बताए।

फोकल पर्सनहरूसँगको छलफलमा ज्ञवालीले लगानीसम्बन्धी राष्ट्रिय लक्ष्य हासिल गर्न र सुशासन कायम गर्न सबै निकायले अपनत्वसहित काम गर्नुपर्नेमा जोड दिए। ‘लगानी बोर्डले सबैसँग समन्वय गरेर काम गर्छ। यसमा सबै निकायको साथ र सहयोग अपेक्षित छ,’ उनले भने। अहिले विभिन्न निकाय धाउनुपर्ने अवस्थाका कारण लगानीकर्ताले झण्झट बेहोर्नुपरेको भन्दै एकल बिन्दु सेवा केन्द्र प्रभावकारीरूपमा कार्यान्वयन भएमा लगानीसम्बन्धी कामकारबाही चुस्त हुने उनले विश्वास व्यक्त गरे।

‘हाललाई तोकिएका फोकल पर्सन सम्बन्धित मन्त्रालय तथा निकायका ‘सिंगल प्वाइन्ट अफ कन्टचाक्ट’ हुने छन्। उनीहरूले लगानी बोर्डबाट सिफारिस भएका आफ्ना निकायसँग सम्बन्धित फाइल तथा प्रक्रियालाई सहज बनाउन सहजीकरण गर्ने छन्,’ कार्यकारी अधिकृत ज्ञवालीले भने।

लगानी बोर्डका सहसचिव तामाङका अनुसार फोकल पर्सनले सार्वजनिक-निजी साझेदारी ऐन २०७५, सार्वजनिक तथा लगानी नियमावली २०७७ तथा लगानी बोर्डको रणनीति र व्यावसायिक योजनाअनुसार सेवा प्रवाहमा सहयोग पुऱ्याउने छन्। साथै उनीहरूले बोर्डबाट प्राप्त फाइल तथा पत्रको समयमै राय-प्रतिक्रिया दिने, सम्बन्धित निकाय र बोर्डबीच समन्वयकारी पुलको भूमिका निर्वाह गर्ने तथा संस्थागत समन्वयकर्ताका रूपमा काम गर्ने जिम्मेवारी पनि निर्वाह गर्ने छन्।

## कर्णाली प्रदेशको पुँजीगत खर्च न्यून

**काँक्रेविहार (सुर्खेत)–** कर्णाली प्रदेश सरकारको छ महिनामा १३.७४ प्रतिशत बजेट कार्यान्वयनमा आएको छ। पुँजीगततर्फ ७.९० प्रतिशत बजेट खर्च गरेको हो। सरकारले चालुचर्फ २३.८३ प्रतिशत बजेट कार्यान्वयनमा ल्याएको छ।

सरकारले विकासतर्फ १९ अर्ब ९८ करोड २७ लाख १३ हजार रूपैयाँ विनियोजन गरेकामा हालसम्म एक अर्ब ५७ करोड ९० लाख तीन हजार रूपैयाँमात्रै विकास निर्माणमा खर्च गरेको छ। आर्थिक वर्ष २०८१/८२ का लागि ३२ अर्ब ९९ करोड ६६ लाख ५५ हजार रूपैयाँ बजेट विनियोजना गरिएको थियो।

अर्धवार्षिक समीक्षासम्म १३.७४ प्रतिशत बजेट खर्च भएको प्रदेश लेखा नियन्त्रण कार्यालयका प्रमुख रत्न सुवेदीले जानकारी दिए। उनले भने, ‘चालुतर्फ १२ अर्ब ३९ करोड ८९ लाख ४२ हजार रूपैयाँ विनियोजन भएकामा हालसम्म दुई अर्ब ९५ करोड ४४ लाख ३० हजार रूपैयाँ अर्थात् २३.८३ प्रतिशत खर्च भएको छ। यो रकम विकास बजेट कार्यान्वयनको तुलनामा तीन गुणाभन्दा बढी हो।’

चालु आर्थिक वर्षमा भौतिक पूर्वाधार तथा सहरी विकास मन्त्रालयको बजेट १० अर्ब ७३ करोड १४ लाख ८३ हजार रूपैयाँ रहेकामा हालसम्म एक अर्ब आठ करोड ६४ लाख १० हजार रूपैयाँ खर्च भएको छ। बजेट कार्यान्वयनमा कमजोर देखिएकामा जलस्रोत तथा ऊर्जा विकास मन्त्रालय अग्रपंक्तिमा छ। हालसम्म यो मन्त्रालयले तीन अर्ब ५५ करोड रूपैयाँभन्दा बढी बजेटमध्ये २० करोड ५९ लाख ९४ हजार रूपैयाँ कार्यान्वयन गरेको छ।

सामाजिक विकास मन्त्रालयले दुई अर्ब ७८ करोड ३३ लाख १६ हजार रूपैयाँमध्ये हालसम्म १९ करोड ४३ लाख ४५ हजार रूपैयाँ खर्च गरेको छ। उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालयले एक अर्ब ४३ करोड तीन लाख ३१ हजार रूपैयाँ पुँजीगततर्फको बजेट रहेकामा पाँच करोड १८ लाख दुई हजार रूपैयाँ खर्च गरेको छ। भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालयले पुँजीगततर्फ ६४ करोड १६ लाख २९ हजार रूपैयाँ बजेटमध्ये २२ करोड ३३ लाख रूपैयाँ कार्यान्वयनमा ल्याएको लेखा नियन्त्रण कार्यालयका प्रमुख सुवेदीले जानकारी दिए। *रासस*

## नेप्से परिसूचक ३१ अंकले बढ्यो

**काठमाडौं (प्रस)–** यो साता कारोबारको पहिलो दिन नेपाल स्टक एक्सचेञ्ज (नेप्से) परिसूचक ३१.१२ अंकले बढेर दुई हजार ६७२.५५ को बिन्दुमा कायम भएको छ। यो १.१७ प्रतिशतको वृद्धि हो। आइतबार ३३८ कम्पनीको एक करोड ६६ लाख ११ हजार ४७९ कित्ता सेयर ९५ हजार ४४५ पटक खरिद-बिक्री हुँदा आठ अर्ब ४० करोड २७ लाख ९७ हजार रूपैयाँको कारोबार भएको नेप्सेले जनाएको छ। आइतबारको कारोबारमा सबै समूहको उपसूचक बढेको छ। सबैभन्दा बढी वित्त समूहको उपसूचक ५.७३ प्रतिशतले बढेको छ।

सागर डिस्टिलरी लिमिटेड, उन्नति सहकार्य लघुवित्त वित्तीय संस्था लिमिटेड, श्रीनगर एग्रिटेक इण्डस्ट्रिज लिमिटेड र गुर्खाज फाइनान्स लिमिटेडको सेयर मूल्यमा सकारात्मक सर्किट लागेको छ। सबैभन्दा बढी थ्री स्टार हाइड्रोपावर लिमिटेडको सेयर मूल्य ८.७८ प्रतिशतले घटेको छ।

# पर्यटन सुरक्षा प्रणाली लागू गर्न अभिमुखीकरण

**नारायणगढ (चितवन)–** अध्यागमन विभागले विदेशी नागरिक व्यवस्थापन सूचना प्रणाली (एफएनएमआइएस) कार्यान्वयनका लागि सौराहामा अभिमुखीकरण कार्यक्रम आयोजना गरेको छ।

विभागले गत पुस १७ गतेदेखि काठमाडौं उपत्यकाभित्रका तारे होटलहरूमा अनिवार्यरूपमा उक्त प्रणालीको शुभारम्भ गरिसकेको छ। राजधानीबाहिर पहिलोपटक पर्यटकीय नगरी सौराहामा प्रणाली लागू गर्नका लागि अभिमुखीकरण कार्यक्रम आयोजना गरिएको विभागले जनाएको छ।

दोस्रो चरणमा आगामी फागुन १७ गतेदेखि उपत्यकाबाहिरका होटल, एयरलाइन्स, होमस्टे, ट्रेकिङ कम्पनी, टुर तथा ट्राभल कम्पनी, मनी एक्सचेञ्ज कम्पनीलगायत अन्य पर्यटकीय सेवा प्रदायक संस्थाहरूमा अनिवार्यरूपमा उक्त प्रणाली लागू गर्ने तयारी थालिएको विभागका महानिर्देशक रामचन्द्र तिवारीले जानकारी दिए।

नेपाल भ्रमण गर्ने विदेशी नागरिकको सुरक्षा, सूचनामा सहजीकरण, सम्भावित अपराध नियन्त्रण तथा पर्यटन प्रवर्द्धनमा सहयोग पुऱ्याउने उद्देश्यले यो प्रणाली लागू गरिएको उनले बताए। महानिर्देशक तिवारीले भने, ‘यस प्रणालीमा विदेशी नागरिकको नेपाल आगमनपछिको सम्पूर्ण अभिलेख रहने छ। काठमाडौंबाहिर सौराहमा पहिलोपटक पर्यटन सेवा प्रदायक संस्थाहरूसँग अन्तरक्रिया गरिएको हो। अध्यागमनको मुख्य काम भनेको सीमाको सुरक्षा र नियमन हो।’

उनका अनुसार सीमा नियमन भनेको कुनै पनि देशको सार्वभौम क्षेत्रभित्र हुने



आवतजावत, गतिविधि तथा कानुनी व्यवस्थाको प्रभावकारी नियन्त्रण हो। सीमा सुरक्षा केवल दुई देशबीचको सीमास्तम्भमा मात्र सीमित नभई डिजिटल माध्यम, कानुन उल्लंघन तथा देशभित्र हुने अवैध गतिविधिसँग जोडिएको विषयसमेत हो।

महानिर्देशक तिवारीले पहिलो चरणमा काठमाडौं उपत्यकाभित्रका तारे होटलमा प्रणाली लागू गरी त्यसपछि देशका प्रमुख पर्यटकीय क्षेत्रमा सरोकार भएकाहरूसँगको समन्वयमा क्रमशः कार्यान्वयन गरिने योजना रहेको बताए।

कार्यक्रममा प्रमुख जिल्ला अधिकारी गणेश अर्यालले विभागले व्यवसायीमैत्री ढंगले काम गर्दै कार्यान्वयनका क्रममा देखिएका द्विविधा र प्रक्रियागत समस्याहरू समाधान गर्नुपर्ने आवश्यकता औंल्याए। नेपाल पत्रकार महासंघ चितवन शाखाका अध्यक्ष वसन्तराज पराजुलीले यस्तो प्रणालीको कार्यान्वयनले दिगो पर्यटन प्रवर्द्धनमा सहयोग पुग्ने बताउँदै कार्यान्वयन गर्दा झण्झटिलो नभई सहजरूपमा समन्वय गर्नुपर्नेमा जोड दिए।

कार्यक्रममा क्षेत्रीय होटल संघ नेपाल चितवनका अध्यक्ष ओमप्रकाश पाण्डे, उद्योग संघ चितवनका अध्यक्ष मदन घिमिरे, गृह मन्त्रालयका उपसचिव परशुराम पोखरेल, जिल्लाका सुरक्षा निकायका प्रमुखहरू, पर्यटक कार्यालय चितवनका प्रमुख प्रेमप्रसाद ढकाल, रत्ननगर उद्योग वाणिज्य संघका अध्यक्ष शंकर गिरीलगायत सौराहा तथा चितवन-नवलपुरका होटल तथा पर्यटन व्यवसायीलगायतको सहभागिता रहेको थियो। *रासस*

प्रभाव पब्लिकेसन प्रा.लि.द्वारा प्रकाशित मुद्रण: एक्प्रेस कलर प्रेस, कार्यालय: काठमाडौं–७, सिफल, नेपाल फोन नं.: ०१-४३७३५७७, ०१-४५८४३६८, इमेल: prabhabdailynews@gmail.com, विज्ञापनका लागि: marketing2prabhab@gmail.com, प्रबन्ध निर्देशक: कृष्ण कार्की, सम्पादक: विष्णु तामाङ